मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

वर्ष ४ • अंक १७१ • २०८३ साल वैशाख २७ गते आइतबार • Sunday 10, May 2026 • सूर्योदयः बिहान ०५:२३ बजे • सूर्यास्तः साँझ ०६:४१ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## सप्तरीकी एक महिला चार दिनदेखि बेपत्ता

**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–५ वनरझुलाकी एक महिला चार दिनदेखि बेपत्ता भएकी छन्। स्थानीय वीरेन्द्र राय (छोटु) की श्रीमती अनिता देवी राय बुधबार रातिदेखि सम्पर्कविहीन भएकी हुन्।

स्थानीयवासीले महिलाको हत्या गरिएको हुन सक्ने आशंका गरेका छन्। छिमेकी शेखर रायका छोराको विवाहमा अधिकांश स्थानीय सुनसरीको अमरवा जन्ती गएको मौका छोपेर राति केही व्यक्तिले जबरजस्ती महिलालाई उठाएर लगेको हुन सक्ने पीडित परिवारको आशंका छ। बेपत्ता महिलाका बाबु प्रितम रायका अनुसार महिलाका दुई छोरी छन्। जेठी छोरी सपनाको विवाह भइसकेको छ भने कान्छी छोरी १३ वर्षीया काजल पनि छिमेकीको विवाहमा गएकी थिइन्। श्रीमान् वैदेशिक रोजगारीका लागि विदेशमा रहेका कारण अनिता घरमा एक्लै थिइन्। यही मौका छोपेर उनलाई अपहरण गरेको हुन सक्ने उनको भनाइ छ।

# ‘सेटिङ’मा अवैध उत्खनन्, कारबाहीविहीन अनुगमन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको गणेशमान चारनाथ नगरपालिका भित्र पर्ने कमला र चारनाथ खोलामा भइरहेको अवैध उत्खनन, नदीजन्य पदार्थको गैरकानूनी भण्डारण तथा क्रसर उद्योगसँग जोडिएको अनियमिततामाथि प्रश्न उठेको छ। जिल्ला अनुगमन समितिले स्थलगत अनुगमन गरी अवैध रूपमा संकलन गरिएका ढुंगा, गिट्टी र बालुवा जफत गर्न निर्देशन दिए पनि हालसम्म प्रभावकारी कारबाही अघि नबढेपछि स्थानीयस्तरमा प्रशासन र क्रसर व्यवसायीबीचको मिलेमतोबारे आशंका बढेको हो।

२०८२ चैत १४ गते जिल्ला समन्वय समिति धनुषाका सभापति राजनन्दन मण्डल को नेतृत्वमा गठित नदीजन्य तथा खानीजन्य पदार्थ अनुगमन समितिले नगरपालिकाको वडा नम्बर ३, ८ र ९ क्षेत्रमा अनुगमन गरेको थियो। अनुगमन टोलीमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल, प्रहरी उपरीक्षक रुगमबहादुर कुँवर, सशस्त्र प्रहरी उपरीक्षक भीमबहादुर विष्ट तथा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष शर्मा लगायतको सहभागिता रहेको थियो।

अनुगमनपछि जारी गरिएको चार बुँदे निर्णयमा कमला नदी किनार तथा बाँध क्षेत्रबाट अवैध रूपमा उत्खनन गरी संकलन गरेर राखिएका नदीजन्य पदार्थ नगरपालिकाले जफत गरी कानूनअनुसार व्यवस्थापन गर्ने उल्लेख गरिएको थियो। त्यसपछि जिल्ला समन्वय समितिले जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग तथा नगरपालिकालाई पत्राचार गर्दै अवैध उत्खनन नियन्त्रण र स्टक सुरक्षा सुनिश्चित गर्न निर्देशन दिएको थियो।

तर निर्णय र निर्देशन कागजमै सीमित भएको आरोप स्थानीयले लगाएका छन्। चैतको तेस्रो सातातिर नगरपालिकाकी उपप्रमुख तुल्सा कुमारी पाण्डे को नेतृत्वमा प्रहरीसहित पुगेको टोलीले कमला बाँध आसपासका खाल्डाखुल्डी नापजाँच गर्दा त्यहाँ स्टक फेला परेन। त्यसपछि टोली राजमार्ग छेउस्थित कमलामाई क्रसर उद्योग र वडा नम्बर ६ स्थित कमला स्टोन क्रसर पुगेको थियो।

अनुगमनका क्रममा स्रोत नखुलेको ठूलो परिमाणमा नदीजन्य पदार्थ फेला परेको बताइएको छ। कमलामाई क्रसर उद्योगमा करिब १ लाख ५९ हजार ९ सय ६८ घनमिटर ग्राभेल, गिट्टी, बालुवा तथा अन्य नदीजन्य पदार्थ भेटिएको थियो भने कमला स्टोन क्रसरमा १ लाख ७१ हजार ६ सय ४८ घनमिटर सामग्री नापजाँच गरिएको थियो। तर यति ठूलो परिमाणमा स्रोत नखुलेको नदीजन्य पदार्थ भेटिए पनि हालसम्म जफत वा लिलाम प्रक्रिया अघि बढाइएको छैन।

नगरपालिकाका एक कर्मचारीका अनुसार अनुगमन टोलीले नापजाँच गरे पनि त्यसपछि आवश्यक प्रशासनिक प्रक्रिया अघि बढाइएको छैन। ‘क्रसर सञ्चालकहरूले मुचुल्कामा समेत हस्ताक्षर गर्न मानेनन्,’ ती कर्मचारीले भने, ‘तर त्यसपछि पनि कारबाही हुन सकेको छैन।’

स्थानीयका अनुसार नापजाँच गरिएका नदीजन्य पदार्थबाट मात्रै नगरपालिकाले ५० लाख रुपैयाँभन्दा बढी राजस्व उठाउन सक्ने अवस्था थियो। तर नगरपालिकाले त्यसतर्फ चासो नदिएको आरोप छ। स्थानीयवासी र अभियन्ताहरूले पटकपटक प्रशासनलाई जानकारी गराउँदा पनि सुनुवाइ नभएको गुनासो गरेका छन्।

उपप्रमुख पाण्डेले भने आफूले स्थलगत अनुगमन गरेर स्टक नापजाँच गरेको पुष्टि गर्दै अहिलेको अवस्थाबारे पुनः अनुगमन गरिने बताएकी छन्। तर नदीबाट सिधै उत्खनन गरेर क्रसरमा ढुवानी भइरहेको विषयमा भने आफूलाई जानकारी नभएको उनको भनाइ छ।

प्रमुख जिल्ला अधिकारी लुइँटेलले अनुगमनपछि नगरपालिकालाई तत्काल संकलन, जफत र लिलाम प्रक्रिया अघि बढाउन निर्देशन दिइएको बताएका छन्। यदि स्टक उठाएर लगिएको भए त्यसको सम्पूर्ण जिम्मेवारी स्थानीय तहले लिनुपर्ने उनको भनाइ छ। ‘नापजाँचपछि सार्वजनिक सूचना जारी गरेर संरक्षणको प्रक्रिया अघि बढाउनुपर्थ्यो,’ उनले भने।

यसैबीच, गत मंगलबार चारनाथ खोलाको पुल नजिकै दर्जनौं ट्याक्टर प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन भइरहेको भेटिएको थियो। स्थानीयका अनुसार खोलाबाट निकालिएको सामग्री सिधै क्रसर उद्योगमा पुऱ्याइँदै थियो, जुन प्रचलित कानूनविपरीत मानिन्छ। कानूनअनुसार उत्खनन गरिएको सामग्री तोकिएको घाटगद्दीमा संकलन गरी नापजाँचपछि मात्रै बिक्री गर्न पाइन्छ।

खोला आर्थिक वर्ष २०८२–०८३ का लागि हनुमान निर्माण सेवा ले ९१ लाख ११ हजार रुपैयाँमा ठेक्का पाएको छ। कम्पनीका सञ्चालक वृञ्जयकुमार सिंहसँग माघ १४ गते सम्झौता भएको थियो। सम्झौताअनुसार तोकिएको स्थान र मापदण्डभित्र रहेर मात्रै उत्खनन गर्न पाइने उल्लेख भए पनि स्थानीयले १५ फिट गहिरोसम्म उत्खनन गरिएको दाबी गरेका छन्।

स्थानीय अभियन्ता तथा बासिन्दाहरूले पटकपटक प्रशासनलाई जानकारी गराउँदा पनि कुनै निकायले चासो नदिएको आरोप लगाएका छन्। उनीहरूका अनुसार अवैध उत्खननविरुद्ध बोल्नेहरूलाई धम्कीसमेत दिइन्छ। “क्रसरवालाहरू अत्यन्त शक्तिशाली छन्, प्रहरी प्रशासन उनीहरूको प्रभावमा छ,” एक स्थानीयले भने, “त्यसैले कर्मचारीसमेत बोल्न डराउँछन्।”

नदीजन्य पदार्थ उत्खननमा भइरहेको अनियमितता, प्रशासनिक निष्क्रियता र राजनीतिक मौनताले गणेशमान चारनाथ नगरपालिकाभित्र क्रसर माफियाको प्रभाव गहिरिँदै गएको स्थानीयको आरोप छ। अनुगमन, नापजाँच र निर्देशन भए पनि कारबाही नहुनुले राज्य संयन्त्रको भूमिकामाथि गम्भीर प्रश्न उठाएको छ।

# न्याय सहज, सरल र सुलभ हुनुपर्नेमा जोड



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले न्याय प्रणालीलाई प्रभावकारी बनाउन कानूनी भाषा तथा प्रक्रिया दुवैलाई सरल बनाउन आवश्यक रहेको बताएका छन्।

उच्च अदालत जनकपुरद्वारा आयोजित न्यायिक महोत्सवको उद्घाटन गर्दै उनले ढिलो, महँगो र झन्झटपूर्ण न्याय प्रणालीले कानूनी शासनप्रतिको जनविश्वास कमजोर बन्ने धारणा व्यक्त गरे।

प्रदेश प्रमुख लाभले कानून र न्यायबीच गहिरो सम्बन्ध रहेको उल्लेख गर्दै कानून समाजको ऐना भए न्याय त्यसको वास्तविक प्रतिबिम्ब हुने बताए। उनका अनुसार नागरिकले सजिलै बुझ्न सक्ने कानूनी व्यवस्था र सहज पहुँचयुक्त न्याय प्रणाली निर्माण गर्नु आजको आवश्यकता हो।

उनले नेपालमा प्रयोग हुने कानूनी भाषा अत्यन्त जटिल रहेको उल्लेख गर्दै त्यसले सर्वसाधारणलाई न्यायिक प्रक्रियाबाट टाढा बनाउने गरेको धारणा राखे। प्रदेश प्रमुख लाभले अदालतप्रति जनविश्वास अभिवृद्धि गर्न न्याय सम्पादन प्रक्रियालाई अझ पारदर्शी र जनमैत्री बनाउनुपर्नेमा जोड दिए। साथै उच्च अदालत जनकपुरले नागरिकलाई न्यायिक प्रक्रियाबारे जानकारी दिने उद्देश्यले न्यायिक महोत्सव आयोजना गरेकोप्रति प्रशंसा गरे। उनका अनुसार यस्ता कार्यक्रमले अदालत र नागरिकबीचको दूरी घटाउन सहयोग पुग्नेछ।

कार्यक्रमलाई सम्बोधन गर्दै मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादवले सर्वोच्च अदालतको प्रधान न्यायाधीश नियुक्तिको विषयलाई उल्लेख गर्दै सरकारले अपनाएको प्रक्रिया परिणाममुखी साबित होस् भन्ने अपेक्षा व्यक्त गरे। उनले प्रधान न्यायाधीश सिफारिसमा विगतको परम्परा तोडिएको चर्चा गर्दै सरकारले कार्यसम्पादन र क्षमतालाई आधार बनाएको दाबी गरेकाले त्यसको सकारात्मक परिणाम देखिनुपर्ने बताए।

मुख्यमन्त्री यादवले न्यायपालिका स्वतन्त्र र निष्पक्ष रहनुपर्नेमा जोड दिँदै कार्यपालिकाको प्रभावबाट मुक्त न्याय प्रणाली लोकतन्त्रको आधार भएको धारणा राखे। उनले न्यायालयमाथि जनताको भरोसा कायम राख्न नियुक्ति प्रक्रिया पारदर्शी र जिम्मेवार हुनुपर्ने बताए।

न्यायिक महोत्सवमा मधेश प्रदेशसभाका सभामुख रामअशिष यादव, उच्च अदालत जनकपुरका कायम मुकायम मुख्य न्यायाधीश टेकनारायण कुँवर, विभिन्न न्यायाधीश, वरिष्ठ अधिवक्ता, कानूनी व्यवसायी तथा सर्वसाधारणको उल्लेखनीय उपस्थिति रहेको थियो।

उच्च अदालत जनकपुरले आयोजना गरेको उक्त महोत्सवमा अदालतको कामकारबाही, न्यायिक सेवा, कानूनी सहायता तथा नागरिकका अधिकारसम्बन्धी जानकारीमूलक गतिविधि सञ्चालन गरिएको जनाइएको छ। आयोजकका अनुसार न्यायपालिकाप्रति जनचासो र विश्वास अभिवृद्धि गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको हो।

## रौतहटमा बढ्दो लागुऔषध दुर्व्यसन

**रौतहट।**
रौतहटमा पछिल्ला समय युवापुस्तामाझ लागुऔषधको प्रयोग र कारोबार बढ्दै गएको तथ्य सार्वजनिक भएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटले चालु आर्थिक वर्ष २०८२–०८३ मा लागुऔषध कारोबारसम्बन्धी मुद्दामा २६ जनाविरुद्ध मुद्दा दायर गरेको छ। प्रहरीले ६३ जनालाई पक्राउ गरी कानूनी दायरामा ल्याएको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार लागुऔषध नियन्त्रण केवल पक्राउ र कारबाहीमा सीमित राखेर समस्या समाधान नहुने देखिएपछि जिल्लामा ‘लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान’ सुरु गरिएको हो।

प्रहरीको तथ्याङ्कले रौतहटमा सीमावर्ती क्षेत्र हुँदै लागुऔषध ओसारपसार तथा युवाहरूमा यसको प्रयोग बढ्दै गएको सङ्केत गरेको छ। विशेष गरी बेरोजगारी, कमजोर पारिवारिक निगरानी, सीमापार सहज आवतजावत र साथीहरूको प्रभावका कारण किशोर तथा युवा वर्ग लागुऔषधको दुव्र्यसनतर्फ आकर्षित भइरहेको प्रहरी अधिकारीहरूको भनाइ छ।

प्रहरी उपरीक्षक रिजालले लागुऔषध दुव्र्यसनलाई केवल कानूनी विषयका रूपमा नभई सामाजिक, पारिवारिक र स्वास्थ्यसँग गाँसिएको जटिल समस्याका रूपमा बुझ्नुपर्ने बताए। ‘पक्राउ गरेर मात्रै समस्या समाधान हुँदैन, खोज, उपचार र सुधारलाई सँगसँगै अघि बढाउनुपर्छ,’ उनले भने।

अभियानअन्तर्गत जिल्लाका सबै स्थानीय तहमा पुगेर लागुऔषध सेवनकर्ताको पहिचान, तथ्याङ्क सङ्कलन, परामर्श सेवा, सचेतनामूलक कार्यक्रम तथा आवश्यक परे उपचार र पुनःस्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय गरिने जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

पहिचान भएका व्यक्तिलाई अपराधीको दृष्टिले नभई सुधार आवश्यक व्यक्तिका रुपमा हेरेर पुनः समाजमा स्थापित गर्ने रणनीति बनाइएको छ। यसका लागि अभिभावक, शिक्षक, जनप्रतिनिधि, स्वास्थ्य संस्था तथा सामाजिक संघसंस्थासँग सहकार्य गरिनेछ।

## दरबन्दीमा विभेद भन्दै स्वास्थ्यकर्मी आन्दोलित

**मधेशदृष्टि**
**जनकपुरधाम।**
स्वास्थ्य क्षेत्रमा नयाँ स्थायी दरबन्दी थप गर्ने सरकारी निर्णयप्रति असन्तुष्टि जनाउँदै मधेशका स्वास्थ्यकर्मी आन्दोलनमा उत्रिएका छन्। विशेषगरी हेल्थ असिस्टेन्ट (एचए), सिएमए तथा ल्याबतर्फ कुनै पनि दरबन्दी नसमेटिएको भन्दै उनीहरूले विरोध प्रदर्शन गरेका हुन्।



जनकपुरधामस्थित जनकचोकमा स्वास्थ्यकर्मीहरूले नेपाल सरकार र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयविरुद्ध नाराबाजी गर्दै प्रदर्शन गरेका थिए। प्रदर्शनका क्रममा उनीहरूले स्वास्थ्य मन्त्रीको प्रतीकात्मक पुतला समेत दहन गरेका थिए। आन्दोलनमा सहभागी स्वास्थ्यकर्मीहरूले सरकारले स्वास्थ्य क्षेत्रको वास्तविक आवश्यकता र ग्रामीण तहको सेवा संरचनालाई बेवास्ता गरेको आरोप लगाए।

प्रदर्शनका क्रममा स्वास्थ्यकर्मी नवेश अधिकारी ले लामो समयपछि स्वास्थ्य क्षेत्रमा स्थायी दरबन्दी थपिनु सकारात्मक विषय भए पनि आधारभूत स्वास्थ्य सेवामा प्रत्यक्ष खटिने जनशक्तिलाई पूर्ण रूपमा उपेक्षा गरिएको बताए। उनले ३५ वर्षपछि स्वास्थ्य क्षेत्रमा दरबन्दी विस्तार हुँदा आफूहरू उत्साहित भए पनि एचए, सिएमए र ल्याब समूहलाई शून्य दरबन्दीमा सीमित गर्नु अन्यायपूर्ण भएको धारणा राखे।

उनका अनुसार देशका अधिकांश ग्रामीण स्वास्थ्य संस्था र प्राथमिक स्वास्थ्य केन्द्रमा एचए तथा सिएमएहरूले मुख्य जिम्मेवारी सम्हाल्दै आएका छन्। तर, नयाँ संरचनामा उनीहरूलाई स्थान नदिइनुले सरकारले स्वास्थ्य सेवाको आधार तहलाई कमजोर बनाउने प्रयास गरेको आरोप उनले लगाए।

स्वास्थ्यकर्मी अधिकारीले वर्तमान सरकार मेडिकल माफियाको प्रभावमा परेर यस्तो निर्णय गर्न पुगेको दाबी गर्दै निर्णय तत्काल संशोधन गर्न माग गरे। उनले सरकारले आफूहरूको माग सम्बोधन नगरे आगामी वैशाख २८ गते काठमाडौं केन्द्रित कडा आन्दोलन सुरु गर्ने चेतावनी समेत दिए।

नेपाल सरकारले केही दिनअघि मात्रै स्वास्थ्य क्षेत्रमा ९ सय ७७ नयाँ स्थायी प्राविधिक तथा विशेषज्ञ दरबन्दी थप गर्ने प्रस्ताव अघि बढाएको थियो। उक्त प्रस्तावलाई अर्थ मन्त्रालयले स्वीकृति प्रदान गरिसकेको जनाइएको छ। सरकारका अनुसार नयाँ दरबन्दी स्वास्थ्य सेवाको गुणस्तर सुधार, विशेषज्ञ सेवा विस्तार तथा संघीय संरचनाअनुसार जनशक्ति व्यवस्थापनका लागि थप गरिएको हो।

तर आन्दोलनरत स्वास्थ्यकर्मीहरूले नयाँ दरबन्दी वितरणमा असन्तुलन रहेको आरोप लगाएका छन्। उनीहरूका अनुसार विशेषज्ञ तथा उच्च तहका पदहरूमा मात्रै ध्यान दिइँदा गाउँ–गाउँमा प्रत्यक्ष सेवा दिने मध्यमस्तरका स्वास्थ्य जनशक्ति उपेक्षित भएका छन्।

प्रदर्शनमा सहभागीहरूले सरकारले निर्णय पुनरावलोकन गरी एचए, सिएमए, ल्याब तथा अन्य प्राविधिक समूहलाई समेत समेटेर नयाँ दरबन्दी निर्धारण गर्नुपर्ने माग गरेका छन्। उनीहरूले स्वास्थ्य सेवा प्रभावकारी बनाउन आधारभूत तहका स्वास्थ्यकर्मीलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका छन्।



# वीरगंज महानगरको कडा कदमः
## निष्क्रिय सहकारीको दर्ता खारेजी प्रक्रिया अघि बढ्यो




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले लामो समयदेखि निष्क्रिय रहेका सहकारी संस्थाविरुद्ध कडा कदम चाल्दै ८८ वटा सहकारी संस्थाको दर्ता खारेजी प्रक्रिया अघि बढाएको छ । महानगरपालिकाको सहकारी शाखाद्वारा जारी सूचनाअनुसार सहकारी ऐन तथा नियमावली विपरीत गतिविधि गर्दै आएका र सम्पर्कविहीन अवस्थामा रहेका संस्थामाथि कानुनी प्रक्रिया सुरु गरिएको हो। महानगरपालिकाले सार्वजनिक गरेको सूचनामा आर्थिक वर्ष २०८२/०८३ को निर्णयअनुसार वीरगंज महानगर क्षेत्रभित्र दर्ता भई लामो समयदेखि निष्क्रिय रहेका सहकारी संस्थाहरूले सहकारी ऐनअनुसार पेश गर्नुपर्ने मासिक प्रगति विवरण, वार्षिक साधारण सभाको निर्णय प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन तथा अन्य आवश्यक विवरण पेश नगरेको उल्लेख गरिएको छ।

सूचनामा ती सहकारी संस्थाहरू पूर्ण रूपमा सम्पर्कविहीन रहेको, कार्यालय सञ्चालन नगरेको तथा वित्तीय कारोबारसम्बन्धी कुनै विवरणसमेत उपलब्ध नगराएको जनाइएको छ । महानगरपालिकाका अनुसार सहकारी ऐन २०७४ को दफा ६६ उपदफा ३ बमोजिम आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको हो ।महानगरपालिकाले दर्ता खारेजी प्रक्रिया अघि बढाइएका संस्थालाई ३५ दिनभित्र स्पष्टीकरण तथा आवश्यक प्रमाणसहित सम्पर्कमा आउन अन्तिम अवसरसमेत दिएको छ। तोकिएको अवधिभित्र सम्पर्कमा नआए कानुनबमोजिम दर्ता स्वतः खारेज गरिने चेतावनी सूचनामा उल्लेख गरिएको छ ।दर्ता खारेजी प्रक्रियामा परेका सहकारी संस्थामध्ये अधिकांश बचत तथा ऋण सहकारी संस्था रहेका छन् । सूचीमा आफ्नै बचत तथा ऋण सहकारी संस्था, आधार बचत तथा ऋण सहकारी संस्था, जागरण बचत तथा ऋण सहकारी संस्था, मानव समाज बचत तथा ऋण सहकारी संस्था, राष्ट्रिय बचत तथा ऋण सहकारी संस्था, सफल बचत तथा ऋण सहकारी संस्था, समाजिक विकास बचत तथा ऋण सहकारी संस्था लगायतका नाम समावेश छन् । महानगरपालिकाको यो कदमलाई सहकारी क्षेत्रमा पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासन कायम गर्ने प्रयासका रूपमा हेरिएको छ । पछिल्लो समय सहकारी क्षेत्रप्रति बढ्दो अविश्वास र सर्वसाधारणको बचत जोखिममा पर्ने घटनाबीच वीरगंज महानगरले निष्क्रिय तथा गैरजिम्मेवार संस्थामाथि निगरानी बढाएको संकेत पनि यस निर्णयले दिएको छ।

# लागुऔषध सेवनकर्ता खोजी तथा सुधार महाअभियान

**मधेशदृष्टि**
**सप्तरी।**
जिल्लामा बढ्दो लागुऔषध दुर्व्यसन नियन्त्रण गर्दै सेवनकर्तालाई सुधारको दायरामा ल्याउने उद्देश्यसहित जिल्ला प्रहरी कार्यालय सप्तरीले 'लागुऔषध सेवनकर्ता खोजी तथा सुधार महाअभियान–२०८३' सञ्चालन गरेको छ।

अभियान अन्तर्गत भारतीय सीमा नाकामा ड्रग्स टेस्टिङ चेकपोइन्ट स्थापना गरी ड्रग टेस्ट किट प्रयोगमार्फत लागुऔषध सेवन भए–नभएको परीक्षण गरिने सप्तरीका प्रहरी उपरीक्षक गौतमकुमार केसीले जानकारी दिए। सीमा क्षेत्रमा नियमित आवतजावत गर्ने युवायुवतीको तथ्याङ्क सङ्कलन गरी निगरानी बढाइने तथा सेवनकर्तालाई सचेतनामूलक श्रव्य–दृश्य सामग्रीमार्फत प्रशिक्षण दिइने योजना रहेको उनले बताए।

लागुऔषध सेवनकर्ताको अभिलेख तयार गरी उनीहरूको गतिविधिमाथि निगरानी राख्न जिपिएस लोकेसन ट्र्याकिङसमेत गरिने प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिए।

साथै लागुऔषध ओसारपसार तथा कारोबारमा संलग्न औषधी पसल र मुख्य कारोबारीको पहिचान गरी कडा कानुनी कारबाही गरिने उनले बताए।

# पर्सा निकुञ्जमा 'वाइल्ड लाइफ रेस्क्यु टिम' सक्रियः
## घाइते वन्यजन्तुको उद्धार र उपचार अब सहज



**मधेशदृष्टि**
**वीरगंज।**
बाराको निजगढ बजारस्थित राजमार्गमा एक साताअघि घाइते अवस्थामा बाँदर फेला परेको सूचना प्राप्त हुनासाथ पर्सा राष्ट्रिय निकुञ्जको आधाभार कार्यालयमा रहेको 'वाइल्ड लाइफ रेस्क्यु टिम' तत्काल घटनास्थलमा पुगेको थियो । उद्धार टोलीले घाइते बाँदरको उपचारपछि पुनः प्राकृतिक बासस्थानमै सुरक्षित रूपमा छोडेको जनाएको छ ।वन्यजन्तु सप्ताहको अवसर पारेर वैशाख पहिलो सातादेखि निकुञ्ज प्रशासनले यस्तो उद्धार टोली गठन गरी सञ्चालनमा ल्याएको हो । यसअघि कुनै वन्यजन्तु घाइते भएमा उपचारका लागि राष्ट्रिय प्रकृति संरक्षण कोष सौराहाको प्राविधिक टोली कुर्नुपर्ने अवस्था रहेकामा अब स्थानीय स्तरमै उद्धार र उपचार सेवा उपलब्ध हुन थालेको छ। निकुञ्ज प्रशासनका संरक्षण तथा सूचना अधिकृत सन्तोषकुमार भगतका अनुसार उद्धार टोलीमा पशु चिकित्सक, प्राविधिक, सवारी चालकसहित आवश्यकता अनुसार थप कर्मचारी पनि परिचालन गरिन्छ। उनले सूचना प्राप्त हुनेबित्तिकै टोली पर्सा, बारा, मकवानपुर र रौतहटसम्म परिचालन हुने गरेको बताए । उनका अनुसार यस व्यवस्थाले वन्यजन्तुको उद्धार तथा उपचार कार्य निकै प्रभावकारी बनेको छ ।निकुञ्ज प्रशासनले चैत महिनासम्म राष्ट्रिय प्रकृति संरक्षण कोष सौराहाको प्राविधिक सहयोगमा विभिन्न वन्यजन्तुको उद्धार तथा उपचार गरिसकेको छ । उद्धार गरिएका वन्यजन्तुमा १ पाटेबाघ, ६ चित्तल, १ सयभन्दा बढी गोमनसहितका सर्प, २५ किंग कोब्रा, १५ अजिंगर, १ सालक, १ निलगाईसहित अन्य तीन वन्यजन्तु रहेका छन्। उपचारपछि ती सबैलाई पुनः प्राकृतिक बासस्थानमै छोडिएको निकुञ्जले जनाएको छ।

पर्सा राष्ट्रिय निकुञ्जभित्र महेन्द्र तथा त्रिभुवन राजमार्गसमेत पर्ने भएकाले ती क्षेत्रमा सवारी साधनको अत्यधिक चाप रहने गरेको छ। यही कारण सवारी दुर्घटनाबाट वन्यजन्तु प्रभावित हुने क्रम पनि बढ्दो छ । चालु आर्थिक वर्षमा हालसम्म सवारी साधनको ठक्कर तथा अन्य कारणले १ चितुवा, २ जरायो, ५ चित्तल, १५ बाँदर तथा अन्य ३ वन्यजन्तुको मृत्यु भइसकेको संरक्षण अधिकृत भगतले जानकारी दिए।

यस्ता घटना न्यूनीकरण गर्न वन्यजन्तु सप्ताहका अवसरमा सवारी चालक, सहचालक तथा ट्राफिक प्रहरीलाई वन्यजन्तु संरक्षणसम्बन्धी सचेतनामूलक कार्यक्रमसमेत सञ्चालन गरिएको निकुञ्ज प्रशासनले जनाएको छ।

# अजीज मियाँ विद्यालयमा शैक्षिक उत्साहः
## उत्कृष्ट विद्यार्थी सम्मानित, निरन्तर सहयोग घोषणा



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा जिल्लाको धोबिनी गाउँपालिका–५ स्थित श्री अजीज मियाँ माध्यमिक विद्यालयमा ह्युमन लभ च्यारिटी फन्डद्वारा आयोजित पुरस्कार वितरण तथा शैक्षिक सहयोग कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमअन्तर्गत कक्षा १ देखि ९ सम्म वार्षिक परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्दै प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने विद्यार्थीहरूलाई पुरस्कार तथा सम्मान प्रदान गरिएको थियो।

विद्यार्थीहरूको मेहनत, लगनशीलता र उज्ज्वल भविष्यप्रतिको उत्साहलाई थप प्रोत्साहन गर्ने उद्देश्यले गरिएको यस पहलले विद्यालयमा सकारात्मक शैक्षिक वातावरण सिर्जना गरेको बताइएको छ । सोही अवसरमा ह्युमन लभ च्यारिटी फन्डले शैक्षिक सत्र २०८३ भर विद्यालयमा आवश्यक पर्ने मार्कर तथा इङ्कको सम्पूर्ण खर्च व्यहोर्ने घोषणा गरेको छ । शिक्षा क्षेत्रमा निरन्तर सहकार्य गर्ने संस्थाको प्रतिबद्धताले स्थानीय स्तरमा सकारात्मक सन्देश प्रवाह गरेको छ।

विद्यालय परिवारले संस्थाको मानवीय तथा शैक्षिक योगदानको उच्च मूल्यांकन गर्दै ह्युमन लभ च्यारिटी फन्डलाई विशेष सम्मानसमेत प्रदान गरेको थियो । संस्थाले उक्त सम्मानलाई समाजसेवाप्रतिको थप जिम्मेवारी र प्रेरणाका रूपमा लिएको जनाएको छ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मनौवर अहमद, प्रधानाध्यापक जितेन्द्र राम, समाजसेवी फैयाज अन्सारी, संस्थाका प्रमुख सल्लाहकार मुकेश पटेल, उपाध्यक्ष दिपेन्द्र चौधरी सहनी, सचिव म. रिजवान अन्सारी, वित्तीय सल्लाहकार म. खालिद अन्सारीलगायत शिक्षक, अभिभावक तथा सञ्चारकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

'शिक्षामा गरिएको लगानी नै समाज परिवर्तनको बलियो आधार हो' भन्ने सन्देशका साथ सम्पन्न भएको उक्त कार्यक्रम अहिले स्थानीय क्षेत्रमा निकै चर्चाको विषय बनेको छ।

# पर्सा–बारामा सशस्त्र प्रहरीको अपरेशनः
## १४ लाखभन्दा बढीका कपडा र किराना सामान बरामद



कपडा तथा किराना सामान बरामद गरिएको छ । सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटरका सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाका अनुसार बाराको विश्रामपुर गाउँपालिका–५ कटुवा वीर्तांटोलास्थित एक गोठमा लुकाइछिपाई भण्डारण गरेर बरामद कपडाको अनुमानित बजार मूल्य ११ लाख ७५ हजार रुपैयाँ रहेको प्रहरीको भनाइ छ। त्यसैगरी शनिबार नै पर्साको जिराभवानी गाउँपालिका–१ बलुवा क्षेत्रमा नेपाल–भारत सीमा नजिकका घरहरूमा भण्डारण गरेर राखिएको २ लाख ३५ हजार ५ सय रुपैयाँ कार्यालय मा बुझाइएको सशस्त्र प्रहरी नायब उपरीक्षक निरौलाले जानकारी दिएका छन् । सीमावर्ती क्षेत्रमा पछिल्लो समय राजस्व छली गरेर अवैध रूपमा सामान भित्र्याउने गतिविधि बढ्दै गएपछि सशस्त्र प्रहरीले निगरानी तथा नियन्त्रण अभियानलाई थप कडा बनाएको

# विधिको शासन कार्यान्वयनप्रति
## न्यायपालिका प्रतिबद्ध छः कामु प्रधानन्यायाधीश



काठमाडौँ।
सर्वोच्च अदालतका कायम मुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्लले संवैधानिक सर्वोच्चता, स्वतन्त्र तथा निष्पक्ष न्यायपालिकाको मान्यता, नागरिकका हकअधिकारको संरक्षण तथा विधिको शासनको कार्यान्वयनप्रति न्यायपालिका निरन्तर प्रतिबद्ध रहेको बताएकी छिन्।

शनिबार ७४औँ कानुन दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै उनले संवैधानिक सर्वोच्चता, विधिको शासन, मौलिक अधिकार तथा मानव अधिकारको पूर्णरूपमा प्रत्याभूत गरी न्यायपूर्ण समाजको स्थापना गर्न सबैमा सकारात्मक सोच र भावना प्रदान गर्नुपर्ने बताएकी हुन्।

वर्तमान परिस्थितीमा अलिकति पनि विचलित नभई नेपालको संविधानले परिकल्पना गरेको संवैधानिक सर्वोच्चता, विधिको शासन, मौलिक अधिकार तथा मानव अधिकारको पूर्णरूपमा प्रत्याभूत गरी न्यायपूर्ण समाजको स्थापना गर्न कानून दिवसले सबैमा सकारात्मक सोच र भावना प्रदान गर्न सकोस् भन्ने कामनासहित कानून दिवसको सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

न्यायपालिकामा गरिने सुधारको विषय न्यायपालिकाको एकाङ्की विषय नभई न्यायपालिकाको स्वतन्त्रता एवं सुदृढीकरण राज्यका समस्त अङ्गहरूको साझा दायित्व भएको उल्लेख गर्दै उनले यस साझा दायित्वको निर्वाहमा सबैको एकजुट एवं समन्वयित प्रयास अपरिहार्य भएको बताएकी छिन्।

सन्देशमा भनेकी छिन्, न्यायपालिकाले रणनीतिक योजनामार्फत चालेका सुधारका कार्यमा न्यायाधीश, सरकारी वकिल तथा कानून व्यवसायी, न्यायपालिकामा कार्यरत कर्मचारीहरू लगायत सरोकारवाला निकाय एवम् संस्थाहरूको सकारात्मक सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।

संविधान, कानुन र न्यायका मान्य सिद्धान्तअनुरूप न्यायपालिकाले न्याय सम्पादन गर्दै आइरहेको उल्लेख गर्दै उनले न्यायपालिकाले न्यायिक सुधारलाई संस्थागत र प्रभावकारी बनाउने उद्देश्यले विसं २०६१ सालदेखि रणनीतिक योजना तर्जुमा गरी क्रमिक रूपमा कार्यान्वयन गर्दै आएको बताइन्।

हाल पाँचौ पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको क्रममा छ, आर्थिक वर्ष २०८१र८२ मा उक्त योजनाका कार्यान्वयन सूचकहरू उत्साहजनक तथा सकारात्मक देखिएका छन्, जसबाट न्यायिक क्षेत्रका विभिन्न आयाममा महत्त्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । प्राप्त यी उपलब्धिहरूको संरक्षण, संस्थागत सुदृढीकरण तथा सुधार प्रक्रियामा थप प्रभावकारिता अभिवृद्धि गर्न न्यायपालिका दृढतापूर्वक प्रतिबद्ध रहेको, उनले भनिन्।

नेपाल प्रधान न्यायालय ऐन, २००८ विसं २००९ साल वैशाख २६ गतेबाट लागू भएको दिनको सम्झनामा प्रत्येक वर्ष वैशाख २६ को दिनलाई कानुन दिवसको रुपमा मनाइँदै आएको छ। रासस

# एम्बुलेन्समा अनिवार्य जिपिएस जडान गर्नुपर्ने




**चितवन।**
जिल्लामा एम्बुलेन्स सेवालाई व्यवस्थित, मर्यादित र पारदर्शी बनाउन एम्बुलेन्समा जिपिएस जडान अनिवार्य गरिएको छ । जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको आज बसेको बैठकले एम्बुलेन्स सेवाको व्यवस्थापन, पारदर्शिता र प्रभावकारिता सुधार गर्न तथा सेवा सञ्चालनमा देखिएका विकृति नियन्त्रण गर्न अनिवार्य रूपमा जिपिएस जडान गर्नुपर्ने निर्णय गरेको हो।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको अध्यक्षतामा बसेको बैठकले जिल्लाभर सञ्चालनमा रहेका सबै एम्बुलेन्सलाई सात दिनभित्र जनस्वास्थ्य कार्यालयमा एकीकृत तथ्याङ्क विवरण अनिवार्य रूपमा दर्ता गर्न निर्देशन दिएको छ। सोअनुसार दर्ता भएका एम्बुलेन्सले १५ दिनभित्र जिपिएस प्रणाली जडान गरी त्यसको जानकारी जनस्वास्थ्य कार्यालयमा बुझाउनुपर्ने निर्णय गरिएको प्रजिअ अर्यालले जानकारी दिए। विवरण दर्ता नगर्ने र जिपिएस जडान नगर्ने एम्बुलेन्सलाई सञ्चालनमा रोक लगाइने समितिले जनाएको छ।

भाडादर र पार्किङ व्यवस्थापनका लागि जनस्वास्थ्य कार्यालय प्रमुखको संयोजकत्वमा ट्राफिक प्रहरी, यातायात व्यवस्था कार्यालय, जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस सोसाइटी, एम्बुलेन्स चालक सङ्घ र भरतपुर महानगरपालिका सम्मिलित उपसमितिले सिफारिस गरेको भाडादर अनुसार मात्र सेवा सञ्चालन गर्नुपर्ने निर्णय भएको प्रजिअ अर्यालले बताए।

बिरामीसम्बन्धी स्वास्थ्य संस्था पु¥याइसकेपछि एम्बुलेन्स तत्काल आफ्नो कार्यक्षेत्रमा फर्कनुपर्ने र अस्पताल वा स्वास्थ्य संस्था परिसरमा अनावश्यक पार्किङ गरी अन्य एम्बुलेन्सलाई अवरोध पु¥याएमा कारबाही गर्ने निर्णय भएको उनले उल्लेख गरे । बिरामीलाई समयमै अस्पताल पु¥याउन र एम्बुलेन्सको सही अवस्थिति थाहा पाउन मद्दत पुग्ने उनले विश्वास व्यक्त गरे।

सम्भावित सवारी दुर्घटनालाई मध्यनजर गर्दै जिल्लाको पूर्वी भाग भण्डारा र मुग्लिङ खण्डमा स्वास्थ्यकर्मीसहित एक÷एक वटा 'डेडिकेटेड एम्बुलेन्स' २४सै घण्टा परिचालन गरिने भएको छ । ती एम्बुलेन्स चालकको नाममा छुट्टाछुट्टै टोलफ्री नम्बर उपलब्ध गराइनेछ। यस्तै, २४सै घण्टा खटिने चालकको खाजा, खाना र चिया खर्चका लागि चितवन र रत्ननगर उद्योग वाणिज्य सङ्घलाई सहयोगका लागि अनुरोध गर्ने निर्णय गरिएको प्रजिअ अर्यालले बताए।

चालक र स्वास्थ्य संस्थाबीच हुनसक्ने अनावश्यक मिलेमतो वा गोप्य कारोबार रोक्न एम्बुलेन्स चालक सङ्घ र स्वास्थ्य संस्थाले संस्थागत पहल गर्ने निर्णय भएको छ । जिल्लाभरका एम्बुलेन्सले निर्देशिका बमोजिम अनिवार्य रूपमा यान्त्रिक जाँच गराउनुपर्ने र चालकले अनिवार्य रूपमा पोसाक लगाउनुपर्ने व्यवस्था गरिएको छ।

बैठकपछि प्रमुख जिल्ला अधिकारी अर्यालले निर्णय कार्यान्वयनमा जोड दिँदै भने, "यी निर्णयहरू कार्यान्वयन भएपछि हामीले अपेक्षा गरेभन्दा सकारात्मक परिवर्तन हुन्छन् । नागरिक तथा बिरामीले सहज रूपले सेवा पाउनेछन् । " उनले चितवनको एम्बुलेन्स सेवालाई गुणस्तरी र प्रभावकारी बनाउने उद्देश्यले गरिएका यी निर्णयले देशभर सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गरे।

बैठकमा सहायक प्रमुख जिल्ला अधिकारी चीरञ्जीवी सुवेदी, जनस्वास्थ्य कार्यालय चितवनका प्रमुख निर्मल घिमिरे, बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालका कायममुकायम कार्यकारी निर्देशक डा उमेश नेपाल, बकुलहर रत्ननगर अस्पतालका डा रमेश पौडेल, जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरी, निजी अस्पताल समन्वय समिति चितवनका अध्यक्ष बिक्रम अधिकारी, संयुक्त एम्बुलेन्स चालक सङ्घ नेपालका केन्द्रीय अध्यक्ष नवराज लामिछानेलगायत सरोकार भएका निकायका प्रतिनिधिको सहभागिता थियो । रासस

# कानून दिवस २०८३ः
# विधिको शासन र निष्पक्ष न्याय प्रणालीप्रति पर्सा जिल्ला अदालतको प्रतिबद्धता



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा जिल्ला अदालतले 'कानून दिवस २०८३' को अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा हार्दिक शुभकामना व्यक्त गरेको छ। अदालतले प्रधान न्यायालय ऐन, २००८ विक्रम संवत् २००९ वैशाख २६ गतेदेखि लागू भएको ऐतिहासिक दिनको स्मरणमा प्रत्येक वर्ष वैशाख २६ गते कानून दिवस मनाइँदै आएको उल्लेख गरेको छ।
अदालतद्वारा जारी शुभकामना सन्देशमा नेपालमा विधिको शासन, न्याय, समानता तथा संवैधानिक मूल्य–मान्यताको संरक्षण र प्रवद्र्धन गर्ने उद्देश्यले यो दिवस मनाउने परम्परा रहेको जनाइएको छ। कानून दिवसलाई केवल औपचारिक कार्यक्रमका रूपमा नभई नागरिक अधिकार, कर्तव्य, न्यायिक स्वतन्त्रता तथा लोकतान्त्रिक मूल्यमान्यताको संरक्षणप्रति सामूहिक प्रतिबद्धता जनाउने महत्वपूर्ण अवसरका रूपमा व्याख्या गरिएको छ।
सन्देशमा न्याय सम्पादन गर्ने निकाय, कानून व्यवसायी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी तथा आम नागरिकलाई आफ्नो जिम्मेवारी इमानदारी, निष्पक्षता र उत्तरदायित्वका साथ निर्वाह गर्न यस दिवसले प्रेरणा प्रदान गर्ने अपेक्षा व्यक्त गरिएको छ।
त्यसैगरी समाजमा विद्यमान अन्याय, विभेद, हिंसा, भ्रष्टाचार तथा दण्डहीनताको अन्त्य गर्दै विधिको सर्वोच्चता स्थापित गर्न सबै पक्षबीच सहकार्य, समन्वय र पारदर्शिता अझ सुदृढ हुनुपर्नेमा अदालतले जोड दिएको छ।
अदालतले स्वतन्त्र न्यायपालिका, विधिको शासन, संवैधानिक सर्वोच्चता तथा लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्ध रहँदै निष्पक्ष, सक्षम र प्रभावकारी न्याय प्रणालीको विकाससँगै न्यायमा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्नुपर्ने आवश्यकता पनि औंल्याएको छ। अन्त्यमा प्राकृतिक न्यायको सिद्धान्तको पूर्ण पालना गर्दै न्यायिक निर्णयको प्रभावकारी कार्यान्वयनलाई पनि उत्तिकै महत्वपूर्ण मानिएको उल्लेख गर्दै पर्सा जिल्ला अदालतका श्रेस्तेदार प्रभाकर कुमार मल्लिक ले सम्बन्धित निकाय, नागरिक समाज, कानून व्यवसायी, जनप्रतिनिधि तथा सम्पूर्ण सरोकारवालाबीच सहकार्य आवश्यक रहेको बताएका छन्।

# माटोले पुरिएर युवकको मृत्युः
# ट्याक्टर चालक पक्राउ, घटनामा अन्यको संलग्नता आशंका

**मधेशदृष्टि**
**परवानीपुर।**
बाराको परवानीपुर गाउँपालिका–३ स्थित परवानीपुर बजारमा ट्र्याक्टरबाट माटो खसाल्ने क्रममा एक युवकको मृत्यु भएको घटनामा प्रहरीले एक जनालाई पक्राउ गरी कर्तव्य ज्यान मुद्दामा अनुसन्धान अघि बढाएको छ। पक्राउ पर्नेमा ना.५ त ३०११ नम्बरको ट्र्याक्टर चालक वीरगञ्ज महानगरपालिका–२१ निवासी ५० वर्षीय काशी महतो तत्मा रहेका छन्।
गत आइतबार राति स्थानीय रामबाबु रौनियारको खाली जग्गामा माटो खसाल्ने क्रममा माटोले पुरिएर प्लास्टिक संकलन गरी जीविकोपार्जन गर्दै आएका परवानीपुर गाउँपालिका–५ नौतन निवासी ३८ वर्षीय दुःखी महतो बिनको मृत्यु भएको प्रहरीले जनाएको छ। स्थानीयका अनुसार गाउँपालिकाद्वारा परवानीपुर बजारमा निर्माणाधीन सेडको माटो मध्यरातमा ट्र्याक्टरमार्फत रौनियारको जग्गामा खसाल्ने काम



भइरहेको थियो। रातिको समयमा माटो खसालिनु र घटनापछि घाइतेलाई तत्काल अस्पताल नलगिएको विषयलाई लिएर स्थानीयले घटनामाथि शंका व्यक्त गरेका छन्।
इलाका प्रहरी कार्यालय प्रसौनीका प्रहरी निरीक्षक टुपेन्द्र श्रेष्ठका अनुसार प्रारम्भिक अनुसन्धानमा ट्र्याक्टरबाट माटो खसाल्ने क्रममा युवक पुरिएर मृत्यु भएको देखिएको छ। घटनास्थल आसपासका सिसिटिभी फुटेजको आधारमा अनुसन्धान अघि बढाइएपछि चालक तत्मालाई पक्राउ गरिएको उनले बताए। प्रहरीका अनुसार मृतक युवक माटोले च्यापिएपछि शवलाई घटनास्थलबाट केही पर सारिएको अवस्थामा फेला पारिएको थियो। यसले घटनामा अन्य व्यक्तिको पनि संलग्नता हुनसक्ने आशंकामा थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ।
श्रोतका अनुसार घटनामा संलग्न अन्य व्यक्तिलाई जोगाउन केही स्थानीय जनप्रतिनिधि तथा राजनीतिक नेताहरू सक्रिय रहेको बुझिएको छ। उनीहरूले पीडित पक्षलाई दबाब दिएर ट्र्याक्टर चालकविरुद्ध मात्र जाहेरी दिन लगाएको आरोपसमेत उठेको छ। घटनाबारे जग्गाधनी रामबाबु रौनियारसँग बुझ्दा आफूलाई घटनाको वास्तविक जानकारी नभएको बताएका छन्। मध्यरातमा आफ्नो जग्गामा माटो किन खसालिएको भन्ने प्रश्नमा उनले गाउँपालिकाले उक्त काम गराएको प्रतिक्रिया दिएका छन्। तर स्थानीयवासीले रातिको समयमा माटो खसालिनु र दुर्घटनापछि घाइतेलाई अस्पताल नपु¥याइनुमा रौनियारको भूमिकासमेत शंकास्पद रहेको बताएका छन्।

# रिहाइपछि चौधरीलाई भेट्न वीरगंज पुगे नेपाल, पक्राउ प्रकरणबारे लिए जानकारी

**मधेशदृष्टि**
**वीरगंज।**
नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का सह–संयोजक तथा पूर्व प्रधानमन्त्री माधवकुमार नेपाल शनिबार वीरगंज आएका छन्। गृह जिल्ला रौतहटको कार्यक्रम सम्पन्न गरेर वीरगंज पुगेका नेता नेपालले हालै अदालतको आदेशबाट रिहा भएका नेकपा नेता मनोज चौधरीसँग भेटवार्ता गरेका हुन्।
पूर्व प्रधानमन्त्री नेपाल वीरगंजस्थित पानीटंकीमा रहेको चौधरी निवासमै पुगेर उनीसँग भेट गरेका थिए। भेटका क्रममा उनले चौधरी पक्राउ परेको घटनाबारे विस्तृत जानकारी लिँदै घटनाको वास्तविक अवस्थाप्रति चासो व्यक्त गरेका थिए।
साथै पछिल्लो राजनीतिक परिस्थिति, पक्राउ प्रकरण र



त्यसपछि विकसित घटनाक्रमबारे पनि दुई नेताबीच छलफल भएको बताइएको छ।
यसअघि पनि नेता नेपालले मनोज चौधरी प्रहरी हिरासतमा रहेका बेला जिल्ला प्रहरी कार्यालय पर्सामा पुगेर भेट गरेका थिए। त्यस अवसरमा उनले घटनाबारे जानकारी लिनुका साथै कानुनी प्रक्रियामाथि समेत चासो देखाएका थिए।
नेकपा नेता चौधरी प्रतिनिधि सभा सदस्य निर्वाचन हुनुभन्दा दुई दिनअघि पक्राउ परेका थिए। पर्सा क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्यका उम्मेदवारसमेत रहेका चौधरी सवार गाडीबाट विस्फोटक पदार्थजस्तो देखिने शंकास्पद वस्तु फेला परेको आरोपमा प्रहरीले उनलाई नियन्त्रणमा लिएको थियो।
पर्सा जिल्ला अदालतको आदेशपछि पुर्पक्षका लागि वीरगंज कारागारमा रहेका चौधरी दुई महिना ६ दिनपछि उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगंजको आदेशमा बिहीबार रिहा भएका हुन्। चौधरी रिहा भएपछि उनलाई भेट्न पूर्व प्रधानमन्त्री नेपाल स्वयं वीरगंज पुगेपछि स्थानीय राजनीतिक वृत्तमा यस घटनालाई अर्थपूर्ण रूपमा हेरिएको छ।

# वीरगंज–१० मा वडा स्तरीय क्रिकेट प्रतियोगिता
## युवामा खेलकुदप्रति उत्साह बढाउने लक्ष्य



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका वडा नं. १० को आयोजनामा चौथो संस्करणको वडा स्तरीय क्रिकेट प्रतियोगिता शनिबारदेखि औपचारिक रूपमा सुरु भएको छ। प्रतियोगिताको उद्घाटन पर्सा क्षेत्र नं. २ का प्रतिनिधि सभा सदस्य सुशिल साह कानु ले गरेका हुन्।
युवाहरूलाई खेलकुदतर्फ आकर्षित गर्दै अनुशासन, सद्भाव र सहकार्यको भावना विकास गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ। उद्घाटन समारोहलाई सम्बोधन गर्दै सांसद कानुले खेलकुदले युवालाई सकारात्मक दिशातर्फ प्रेरित गर्ने उल्लेख गरे। उनले स्थानीय तहबाट यस्ता प्रतियोगितालाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याउँदै खेलकुदमार्फत समाजमा भाइचारा, अनुशासन र सामाजिक एकता मजबुत बन्ने धारणा व्यक्त गरे।
कार्यक्रम वडा नं. १० का कार्यवाहक वडाध्यक्ष सन्तोष जैसिको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा उद्योगपति अशोक बैध, प्याब्सन वीरगंज महानगर अध्यक्ष राहुल श्रीवास्तव, रबि श्रीवास्तव, घडिअर्वा स्पोट्र्स क्लबका अध्यक्ष सन्तोष कानु, वडा सचिव पवन प्रधानलगायत विभिन्न क्षेत्रका व्यक्तित्वहरूको उपस्थिति रहेको थियो।
उद्घाटन समारोहकै अवसरमा वडा अन्तर्गत रहेका ८ वटा विद्यालयको सहभागितामा मार्चपास प्रतियोगिता पनि आयोजना गरिएको थियो। प्रतियोगितामा लिटल एन्जल स्कुल प्रथम, माउन्ट मकालु स्कुल दोस्रो तथा श्री रामचरण पन्नालाल माध्यमिक विद्यालय तेस्रो भएका छन्। उत्कृष्ट प्रदर्शन गर्ने विद्यालयहरूलाई आयोजकले बधाई तथा शुभकामना व्यक्त गरेको छ।कार्यक्रमको सञ्चालन पत्रकार क्रान्ति साहले गरेका थिए। आयोजकका अनुसार प्रतियोगितामा विभिन्न टिमहरूको सहभागिता रहनेछ भने आगामी केही दिनसम्म प्रतिस्पर्धात्मक खेलहरू सञ्चालन गरिनेछन्। यस प्रतियोगिताले स्थानीय स्तरमा क्रिकेट खेलको विकास र युवा प्रतिभा पहिचानमा महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ।

# काठमाडौँबाट वीरगंज आउँदै गरेको बस पावरहाउ चोकमा दुर्घटना, सबै यात्रु सकुशल

**मधेशदृष्टि**
**वीरगंज।**
काठमाडौंबाट वीरगंज आउँदै गरेको एक रात्री बस शनिबार बिहान वीरगंजको पावर हाउस चोकमा दुर्घटनामा परेको छ। सिकन्दर ट्राभल्सको बस अनियन्त्रित भएर सडकमा पल्टिएको प्रहरीले जनाएको छ।
प्रहरीका अनुसार रात्री सेवामा सञ्चालन भइरहेको उक्त बस गन्तव्य नजिकै पुग्दा दुर्घटनामा परेको हो। बसमा रहेका सबै यात्रु तथा चालक दलका सदस्य सकुशल रहेको वडा प्रहरी कार्यालय श्रीपुरले जनाएको छ। बस पल्टिएलगत्तै स्थानीय बासिन्दा र सुरक्षाकर्मी उद्धारका लागि घटनास्थल पुगेका थिए।
अधिकांश यात्रुलाई सामान्य चोटपटक लागेको भए पनि कसैलाई गम्भीर चोट नलागेको र अस्पताल भर्ना गर्नुपर्ने अवस्था नरहेको बताइएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# 'घरदैलोमा डाक्टर' कार्यक्रम बढनियारमा प्रभावकारी
## २५० स्थानीयले पाए निशुल्क स्वास्थ्य सेवा



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा जिल्लाको पर्सागढी नगरपालिका अन्तर्गत बढनियार क्षेत्रमा दोस्रो सातासमेत 'घरदैलोमा डाक्टर' कार्यक्रम सम्पन्न भएको छ। प्रभु हस्पिटल को सहकार्य तथा जुनतारा बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा सञ्चालन गरिएको उक्त कार्यक्रममा २५० स्थानीय नागरिकले निशुल्क स्वास्थ्य सेवा प्राप्त गरेका छन्।
आयोजकका अनुसार कार्यक्रममा १९० महिला र ६० पुरुष गरी कुल २५० जनाको स्वास्थ्य परीक्षण गरिएको थियो। साथै सुगर किटमार्फत मधुमेह परीक्षण, आवश्यक परामर्श तथा निशुल्क औषधि वितरणसमेत गरिएको जनाइएको छ। आर्थिक रूपमा कमजोर, स्वास्थ्य सेवाको पहुँचबाहिर रहेका तथा अस्पतालसम्म पुग्न असमर्थ बिरामीलाई घरदैलोमै उपचार सेवा उपलब्ध गराउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको प्रभु हस्पिटलले जनाएको छ।
स्थानीय बलिराम शुक्लाको समन्वय तथा जुनतारा बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष मञ्जु क्षेत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रभु हस्पिटलकी स्त्रीरोग विशेषज्ञ डा. लक्ष्मी थापा गुप्ता प्रमुख अतिथिका रूपमा सहभागी भएकी थिइन्। त्यस्तै वरिष्ठ फिजिसियन डा. रवि रञ्जन साह को विशेष उपस्थितिमा बिरामीहरूको स्वास्थ्य परीक्षण र परामर्श गरिएको थियो।
कार्यक्रममा बोल्दै डा. लक्ष्मी थापाले प्रभु हस्पिटलले आगामी दिनमा पनि दुर्गम तथा पिछडिएका क्षेत्रमा पुगेर घरदैलो स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिने योजना रहेको जानकारी दिइन्। उनले विशेषगरी दीर्घरोगी, जेष्ठ नागरिक तथा महिलासम्बन्धी जटिल स्वास्थ्य समस्याबाट पीडित बिरामीलाई थप सहयोग गरिने बताइन्। कार्यक्रमका प्रमुख दिलीप राज कार्कीले अस्पताल केवल व्यवसायिक केन्द्र मात्र नभई सेवामुखी संस्था हुनुपर्ने धारणा राख्दै जनताको स्वास्थ्य सेवामा हातेमालो गर्दै यस्ता सामाजिक कार्यक्रमलाई निरन्तर अघि बढाइने प्रतिबद्धता व्यक्त गरे।
कार्यक्रमका विशेष पहलकर्ता पत्रकार तथा सामाजिक अभियन्ता बलिराम शुक्लाले आगामी दिनमा पनि यस्ता जनहितका कार्यक्रमलाई निरन्तरता दिन आवश्यक सहकार्य गरिने बताए। त्यसैगरी सहकारी संस्थाकी अध्यक्ष मञ्जु क्षेत्रीले सामाजिक स्वास्थ्य सेवामा निरन्तर सहयोग र समन्वय गर्दै जाने प्रतिबद्धता व्यक्त गरिन्।

# बालविवाह अन्त्यका लागि ९ बुँदे सामूहिक प्रतिबद्धता

**मधेशदृष्टि**
**जनकपुरधाम।**
बाल विवाह अन्त्यका लागि जनकपुरधाममा सरोकारवालाहरूले ९ बुँदे सामूहिक प्रतिबद्धता जनाएका छन्। राष्ट्रिय बालअधिकार परिषद् र जनजागरण युवा क्लब बाराको संयुक्त आयोजनामा भएको कार्यक्रममा 'बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना २०८२ को कार्यान्वयनमा प्रदेश तथा स्थानीय तहको भूमिका', विषयमा छलफल सरोकारबालाले प्रतिबद्धता गरेका हुन्।
नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहका प्रतिनिधिहरूले बालविवाहविरुद्ध शून्य सहनशीलताको नीति अपनाउने, यस विषयलाई नीति तथा कार्यक्रममा प्राथमिकताका साथ समावेश गर्ने तथा बालबालिका सम्बन्धी ऐन २०७५ को प्रभावकारी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

# निजगढ स्थित एक होटलमा युवती मृत फेला

**मधेशदृष्टि**
**कलैया।**
बाराको निजगढस्थित एक होटलमा १९ वर्षीया युवती मृत अवस्थामा फेला परेपछि प्रहरीले तीन जनालाई नियन्त्रणमा लिएको छ। इलाका प्रहरी कार्यालय निजगढका अनुसार निजगढ नगरपालिका–१२ कोलगाउँ निवासी सीता थिङ गुरुङ होटलमा बसेकि एक महिलाको मृत्यु भएको छ।
उनलाई राति करिब ११ बजे उपचारका लागि निजगढ सामुदायिक अस्पताल लगिएको भए पनि चिकित्सकले मृत घोषणा गरेका थिए। प्रहरीले प्रारम्भिक अनुसन्धानका आधारमा घाँटी थिचेर हत्या गरिएको हुन सक्ने आशंका गरेको छ। मृतकको शव हाल पोस्टमार्टमका लागि अस्पतालमै राखिएको छ।
घटनापछि होटलमा रहेका दुई पुरुष र एक महिलालाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरेको जनाएको छ। पक्राउ परेकाहरूको परिचय भने हाल सार्वजनिक गरिएको छैन। प्रहरीले घटनाको वास्तविक कारण पत्ता लगाउन थप अनुसन्धान जारी रहेको जनाएको छ।

## सम्पादकीय

# अवैध उत्खनन् र स्थानीय प्रहरी प्रशासनको मौनता

धनुषाको गणेशमान चारनाथ नगरपालिका भित्र पर्ने कमला र चारनाथ खोलामा भइरहेको अवैध उत्खनन, नदीजन्य पदार्थको गैरकानूनी भण्डारण तथा क्रसर उद्योगसँग जोडिएको अनियमितताले गम्भीर प्रश्न खडा गरेको छ। स्थानीय प्रशासन र क्रसर व्यवसायीबीचको मिलेमतोको आशंका बढ्दै गएको छ, जसले गर्दा प्राकृतिक स्रोतको दोहन र वातावरणीय विनाशले भयावह रूप लिइरहेको छ।
जिल्ला अनुगमन समितिले स्थलगत अनुगमन गरी अवैध रूपमा संकलन गरिएका ढुंगा, गिट्टी र बालुवा जफत गर्न निर्देशन दिए पनि हालसम्म प्रभावकारी कारबाही अघि नबढ्नुले यो आशंकालाई थप बल पु¥याएको छ।
अवैध उत्खननले नदीको पारिस्थितिक प्रणालीमाथि नकारात्मक असर पारेको छ। नदीको गहिराइ बढ्दा पुल तथा तटबन्धहरू जोखिममा परेका छन् भने पानीको सतह घट्दा कृषि र जनजीवनमा प्रत्यक्ष प्रभाव परेको छ। गैरकानूनी भण्डारण र क्रसर उद्योगहरूको अनियन्त्रित सञ्चालनले स्थानीय सडक, हावा र ध्वनि प्रदूषण बढाएको छ, जसले गर्दा स्थानीय बासिन्दाको स्वास्थ्य र जीवनस्तरमा प्रतिकूल असर परिरहेको छ। यस्ता गतिविधिले राज्यलाई ठूलो राजस्व घाटा पनि पुऱ्याइरहेको छ।

प्रशासनिक निकायको उदासीनता र कारबाहीमा ढिलासुस्तीले कानूनको शासनमाथि नै प्रश्नचिन्ह खडा गरेको छ। अनुगमन समितिले निर्देशन दिएको लामो समय बितिसक्दा पनि कुनै ठोस कदम नचालिनुले जिम्मेवार निकायहरू आफ्नो कर्तव्यबाट विमुख भएको देखिन्छ। यसले गर्दा अवैध कार्यमा संलग्न व्यक्तिहरूलाई थप प्रोत्साहन मिलेको छ र उनीहरूले कानूनलाई चुनौती दिँदै आफ्नो धन्दा जारी राखेका छन्। यस अवस्थाले प्रशासन र व्यवसायीबीचको साँठगाँठको आरोपलाई थप पुष्टि गर्दछ।

यो समस्या धनुषाको मात्र नभई मधेस प्रदेशका अन्य जिल्लाहरूमा पनि व्याप्त छ। मुख्यमन्त्री सिंहले अवैध उत्खनन नियन्त्रणका लागि अनुगमन तीव्र पारेको र गृह मन्त्रालयले समेत अवैध क्रसर उद्योग बन्द गर्न परिपत्र जारी गरेको समाचारहरूले देखाउँछन्। जनकपुर उच्च अदालतले समेत संकटमोचन क्रसर उद्योगलाई स्थानान्तरण गर्न आदेश दिएको थियो। यी प्रयासहरूले समस्याको गम्भीरतालाई उजागर गर्छन्, तर पनि प्रभावकारी कार्यान्वयनको अभावमा समस्या ज्यूँका त्यूँ रहेको छ।

अतः, यस विकराल समस्याको समाधानका लागि तत्काल र कठोर कदम चाल्न आवश्यक छ। स्थानीय प्रशासनले राजनीतिक दबाब र व्यक्तिगत स्वार्थबाट माथि उठेर कानूनको पालना गराउनुपर्छ।
अवैध उत्खनन र क्रसर उद्योगमा संलग्न दोषीहरूलाई कारबाहीको दायरामा ल्याई प्राकृतिक स्रोतको संरक्षण गर्नुपर्छ। यसका साथै, स्थानीय समुदायलाई सचेत गराई उनीहरूको सहभागितामा अनुगमन प्रणालीलाई थप सुदृढ बनाउनुपर्छ ताकि भविष्यमा यस्ता अनियमितताहरू दोहोरिन नपाऊन्।

# इरानसँगको अमेरिकी–इजरेली सङ्घर्ष: युद्ध एउटा तर जितका दाबी दुइटा

–आमिर आज्मी

इरानसँगको अमेरिकी–इजरेली युद्धको यो चरण अहिलेका लागि सायद समाप्त हुन सक्छ, कमसेकम वाशिङ्टनबाट यस्तै सन्देश आइरहेको छ।
गएको मे ५, मङ्गलवारका दिन केही साताको युद्धविरामपछि अमेरिकी विदेशमन्त्री मार्को रुबिओले ‘अपरेसन इपिक फ्युरी’ प्रभावकारी रूपमा समाप्त भएको बताए। तर उक्त घोषणा व्यापक वक्तव्यका बीच कहीँ ओझेलमा पऱ्यो।
यस्तोमा एउटा स्वाभाविक प्रश्न उठ्छः आखिर यो युद्ध कसले जित्यो? यो प्रश्नको जबाफ कसले कहानी सुनाइरहेको छ भन्ने कुरामा निर्भर गर्छ।
इरानमा यो युद्धलाई त्यहाँका सरकारी सञ्चारमाध्यमहरूले देशले विश्वकै सबैभन्दा शक्तिशाली सैन्य गठबन्धनको सामना गर्दै उनीहरूलाई पराजित गरेको प्रमाणका रूपमा प्रस्तुत गरेका छन्। वाशिङ्टनमा राष्ट्रपति डोनल्ड ट्रम्प र उनको प्रशासनले पनि आफ्नो जितको दाबी गरेका छन् र आफूहरूले आफ्ना लक्ष्यहरू हासिल गरेको बारम्बार बताएका छन्। यी सार्वजनिक वक्तव्यबाजीभन्दा पर अहिले वास्तविक जित कहाँ छ भन्ने निर्धारण गर्न युद्धभन्दा पनि वार्ता अधिक महत्त्वपूर्ण बन्दै गएको छ।
एक्सिओस, रोएटर्स र अन्य अमेरिकी सञ्चारसंस्थाका विवरणहरुका अनुसार ह्वाइट हाउसले इरानसँग १४ बुँदे समझदारी पत्रमा सहमतिनजिक पुगिएको ठानेको छ।
दस्तावेजले इरानको परमाणु कार्यक्रम, होर्मुज जलमार्ग तथा व्यापक क्षेत्रीय तनावबारे थप वार्ताका निम्ति एउटा ढाँचा तयार गर्ने छ।
इरानी विदेश मन्त्रालयका एक जना प्रवक्ताले आफूहरूले उक्त प्रस्तावको समीक्षा गरिरहेका र आफ्नो प्रतिक्रिया पाकिस्तानी मध्यस्थकर्तामार्फत् सार्वजनिक गर्ने बताएका छन्। तर केही वरिष्ठ इरानी राजनीतिज्ञहरूले यसलाई सार्वजनिक रूपमा अस्वीकार गरिसकेका छन्।
इरानी संसद्अन्तर्गतको राष्ट्रिय सुरक्षा तथा विदेश नीति आयोगका एक जना प्रवक्ताले समाजिक सञ्जाल एक्समा ‘हार्दै गरेको युद्धबाट अमेरिकाले केही हासिल गर्न नसक्ने,’ भन्दै यो प्रस्तावलाई ‘अमेरिकी इच्छासूची’का रूपमा खारेज गरेका छन्। हालसम्म सार्वजनिक भएका उक्त प्रस्तावका विवरणअनुसार इरानले आफ्नो परमाणु गतिविधिको ठूलो हिस्सा २० वर्षका लागि स्थगित गर्नुपर्ने छ भने उच्च स्तरमा प्रशोधित युरेनिअमको ती विवरणहरूका अनुसार उक्त सम्झौताअन्तर्गत इरानले होर्मुज जलमार्ग पूर्ण रूपमा खुला गर्ने प्रत्याभूति दिनुपर्ने छ।
त्यसको सट्टामा अमेरिकाले क्रमशः प्रतिबन्धहरू हटाउनुका साथै जफत गरिएका इरानी सम्पत्तिहरू फुकुवा गर्ने छ। त्यतिमात्र नभई सम्झौताको अवधि समाप्त भएपछि इरानलाई सीमित मात्रामा युरेनियम प्रशोधन पुनः सुरु गर्न अनुमति दिने सम्भावना पनि रहने छ।
तर इरानभित्र धेरैका लागि यी सर्तहरू सम्झौताभन्दा पनि आत्मसमर्पणजस्ता प्रतीत हुन्छन्। उनीहरूको तर्क सरल छ। उनीहरू निर्णायक परिणाम दिन विफल भएकाले अमेरिका ‘अपरेशन इपिक फ्यूरी’ रोक्न बाध्य भएको ठान्छन्।
साथै अमेरिकाले होर्मुज स्ट्रेट पुनः खोल्न सुरु गरेको ‘‘अपरेशन फ्रीडम‘‘ले खाडीका देशहरूलाई थप गहिरो द्वन्द्वमा तान्ने जोखिम बढाएको उनीहरूको बुझाइ छ।
इरानले यस अवधिमा उक्त क्षेत्रका देशहरूमा रहेका अमेरिकी सैन्य अड्डा र ऊर्जा पूर्वाधारहरूलाई लक्षित गरे पनि तीमध्ये कुनै पनि देश आधिकारिक रूपमा सोझै द्वन्द्वमा प्रवेश गरेका थिएनन्।
अझ महत्त्वपूर्ण कुरा के हो भने युद्धका क्रममा आफ्ना धेरै नेता, उच्च तहका सैन्य कमान्डरहरू र वरिष्ठ सुरक्षा अधिकारीहरू मारिँदा पनि इस्लामिक गणतन्त्र टिकिराख्यो। त्यस्तो स्थितिमा पनि राजनीतिक र सैन्य प्रणाली निष्प्रभावी भएन र छिट्टै नै नयाँ पदाधिकारीहरू नियुक्त गरिए।
युद्धअघि केही पश्चिमा अधिकारीहरू र विश्लेषकहरूले तीव्र सैन्य अभियानका साथै इरानका शीर्ष नेता र कमाण्डरहरूको हत्याले नयाँ प्रकारका सरकारविरोधी प्रदर्शनहरू जन्माउन सक्ने र सम्भवतः सत्तासमेत ढल्न सक्ने ठानेका थिए। तर त्यसो भएन।
युद्धअघि महिनौँसम्म देशै हल्लाएका प्रदर्शनहरू सडकबाट निकै हदसम्म मत्थर भएर गए। सुरक्षा निकायहरूले नियन्त्रण कडा बनाए, गिरफ्तारीहरू बढे र केही मृत्युदण्डसमेत दिइए। सोही समयमा सरकारी सञ्चारमाध्यमहरूले देशका विभिन्न सहरहरूमा सरकारको समर्थनमा निस्किएका ¥यालीहरू बारम्बार देखाए।
इरानी संसद्का प्रवक्ता तथा शीर्ष वार्ताकार मोहम्मद बागेर गालिबाफले हालै लेखे, ‘अहिलेको अवस्थाको निरन्तरता अमेरिकाका लागि असहनीय छ भन्ने हामीलाई थाहा छ, जबकि हामीले अहिलेसम्म सुरुवात पनि गरेका छैनौँ।’
इरानी नेतृत्वका लागि केवल जोगिनु मात्रै पनि पहिले नै जितका रूपमा गणना हुन सक्छ, विशेष गरी त्यतिखेर जतिखेर तेहरानले उक्त क्षेत्रका अमेरिकी सैन्य अड्डा तथा नागरिक पूर्वाधारहरू र इजरेलमा समेत पु¥याइएका क्षतितर्फ सङ्केत गर्छ।
यही कारणले गर्दा तेहरान अर्को चरणको युद्धबाट बच्न विशेष हतारोमा देखिँदैन। इरानी अधिकारीहरू आफ्नो देशसँग आर्थिक पीडा, सैन्य दबाब र लामो सङ्घर्ष सहने क्षमता आफ्ना विरोधीहरूभन्दा बढी भएको ठान्छन्।
त्यसका साथै उनीहरू होर्मुज जलमार्ग बन्द हुँदा विश्व अर्थतन्त्रमा इरानको अझै कति प्रभाव छ भन्ने देखिएको ठान्छन्। उक्त जलमार्ग ऊर्जा आपूर्तिको ‘चोकपोइन्ट’ मात्र भन्दा अधिक भएको प्रमाणित भयो। यो अवरुद्ध हुँदा ढुवानी, खाद्य आपूर्ति, बीमा लागत तथा समग्र अन्तर्राष्ट्रिय व्यापारमा असर प¥यो। इरानले अहिले होर्मुज जलमार्ग पुनः खोल्ने विषयलाई सहुलियतका रूपमा नभइ वार्ताको प्रयोग हुने साधनका रूपमा हेर्छ।
क्षेत्रीय तहमा यसको अझ व्यापक असर पर्न सक्छ। यो द्वन्द्वपछि इरान थप बलियो महसुस गर्दै बाहिरिन सक्छ, विशेषगरी ती छिमेकी राष्ट्रहरूप्रति जसले अमेरिकी सैन्य अड्डा राख्नुका साथै युद्धका क्रममा अप्रत्यक्ष रूपमा अमेरिकी तथा इजरेली कारबाहीलाई सघाए।यसको अर्थ इरानले चाहेका सबै कुरा हासिल ग¥यो भन्ने होइन। यसले ठूलो क्षति बेहोरेको छ, वरिष्ठ सैन्य अधिकारीहरू तथा महत्त्वपूर्ण पूर्वाधारहरू गुमाएको छ। यो अझै पनि गम्भीर आर्थिक दबावमा छ जसले फेरि प्रदर्शनहरू भड्किन सक्ने अवस्था सिर्जना गर्न सक्छ। अमेरिका र इजरेलले पनि उन्नत हतियार र गुप्तचर क्षमताको प्रयोग गर्दै इरानको भित्री भागसम्मै गहिरो प्रहार गर्न सक्ने क्षमता देखाएका छन्।

**तर युद्धहरू सधैँ रणभूमिमा मात्र तय हुँदैनन्।**

अन्ततः युद्धका आधारमा नभइ त्यसलाई अन्त्य गर्ने वार्ताका परिणामहरूका आधारमा यो द्वन्द्वको मूल्याङ्कन हुन सक्छ। वाशिङ्टनले इरानलाई परमाणु सम्बन्धी ठूलो सम्झौता गर्न बाध्य बनाउन सकेमा अमेरिकाले त्यसलाई आफ्नो सफलता ठान्ने छ। तर फेरि तेहरानले क्षेत्रीय प्रभाव कायम राख्दै आफ्नो परमाणु कार्यक्रमलाई पूर्ण रूपमा रोक्न नपर्ने अवस्था सुरक्षित गर्न सक्यो भने इरानले त्यसलाई आफ्नो विजयका रूपमा प्रस्तुत गर्ने छ।
यति बेला दुवै पक्षले आफ्ना मानिसहरूलाई आफू विजयी भएको बताइरहेका छन्। त्यसको वास्तविक जबाफ भने वार्ता सकिएपछि मात्र स्पष्ट हुन सक्छ। त्यो पनि यदि दुवै पक्ष वार्ताको टेबुलमा बसे र अन्त्यसम्म त्यहाँ टिकिराखे भने मात्रै। बीबीसी

# बदलिएको कांग्रेसको मनोदशा: विचारहीन नेतृत्वको रुखबिनाको ‘जरा’



– लोकराज अवस्थी

२० औं शताब्दीका चर्चित जर्मनी राजनीतिशास्त्री हन्ना एरेन्टाले भनेका छन्, जब नेतृत्व सस्तो प्रचारबाजी, झुठ र असत्यको बाटो रोज्छन्, अनि लोकतान्त्रिक संस्थाहरु कमजोर हुँदै जान्छन्। अधिनायकवादी नेतृत्वले प्रपोगाण्डामार्फत् नगारिकमा भ्रम सिर्जना गर्छ, त्यसपछि आमनागरिकले संस्थाप्रति विश्वास गुमाउँदै जान्छन् र नागरिक संस्थामा अधिनायकवाद जन्मिन्छ।
अर्का राजनीतिशास्त्री जीन ज्याक्स रुसोका अनुसार जब जब नेताहरुले सामुहिक चाहनाको प्रतिनिधित्व छोडेर सीमित उच्च वर्गको स्वार्थ पूरा गर्न थाल्छन्, तब लोकतन्त्र कमजोर हुँदै पतनोन्मुख हुन्छ र नागरिकको स्वतन्त्रता खोसिन्छ। दुवै भनाइ नेपालका लोकतान्त्रिक भनिएका पार्टीहरुमा लागू हुन्छ। अझ लोकतन्त्रका लागि वर्षौँ लडेको नेपाली कांग्रेसभित्र ठ्याक्कै यही अवस्था देखिन्छ। रुसोले भनेझैँ कांग्रेस सीमित स्वार्थ समूहको घेराबन्दीमा परेको छ।
नेपालको अहिले शासन गर्ने शासकहरुको पनि अवस्था हन्ना एरेन्टा र जीन ज्याक्स रुसो भनेजस्तै छ तर यहाँ नेपाली कांग्रेसको बारेमा बहस खोजिएको हो। नेपाली कांग्रेस स्थापना कालदेखि अहिलेसम्म इतिहासकै कमजोर र विचारहीन गतिमा अघि बढिरहेको छ। पार्टीभित्रको आन्तरिक द्वन्द्व, कलह, गुटगत राजनीति तथा कमजोर नेतृत्वको कारण कांग्रेस लगभग विघठोन्मुख दिशामा गइरहेको छ।
राजनीतिशास्त्री हन्ना एरेन्टाले भनेजस्तो नेपाली कांग्रेस सस्तो लोकप्रियताको शिकार भएको छ। यो वा त्यो नामा आमकांग्रेसीजनमा भ्रम फैलाइयो। आफू र आफ्ना एजेण्डा स्थापित गर्न पार्टीभित्र प्रपोगाण्डामार्फत् नेतृत्व कब्जा गरिएको छ। जसले कांग्रेसजस्तो लामो इतिहास र विरासत बोकेको पार्टीलाई जनताले निर्वाचनमार्फत् तिरस्कार गरी दिएका छन्।
जीन ज्याक्स रुसोले सामुहिक हीत, सामुहिक सहभागिताबिना चलेको संस्था पतनोन्मुख हुन्छ र अधिनायकवादी नेतृत्व जन्माउँछ भनेजस्तै कांग्रेस त्यही लय समातेको देखिन्छ। पार्टीभित्रका केही सीमित व्यक्तिको निहीत स्वार्थका लागि पार्टीको विधि, पद्दति र स्थापित मूल्यमान्यता कुल्चिएर बहुमतको नाममा भएको विशेष महाधिवेशनमार्फत् नयाँ नेतृत्व चयन गरियो।
बुझ्ने भाषामा भन्दा पार्टी कब्जा गरियो। जसले नेपाली कांग्रेसभित्रको आन्तरिक किचलो झन् बढावा दिन पुग्यो। तत्कालीन पार्टी सभापति शेरबहादुर देउवा र १४ औं महाधिवेशनका उपविजेता वरिष्ठ नेता डा. शेखर कोइराला समेतलाई पाखा लगाइयो। अरु वरिष्ठ नेताहरु पार्टीभित्र अटाएनन्। पार्टीभित्रको सामुहिकताको भावना मर्दै गयो। जसले अहिले पार्टीभित्र पानी बाराबारको अवस्था सिर्जना गरायो। अहिलेको पार्टी नेतृत्वले एकले अर्कोलाई गरिने सामान्य शिष्टाचार पनि गर्न छोडेका छन्। फलतः पार्टीमा विभाजनका रेखा कोरिन थालेका छन्।
बदलिएको भनिएको २.० कांग्रेसले गएको प्रतिनिधि सभा निर्वाचनमा उम्मेद्वार छनौट एकलौटी ढङ्गले ग¥यो। टिकट पनि पार्टी कार्यालयभन्दा होटल होटलबाट वितरण भयो। अचम्मको कुरा त के भने, तत्कालीन सभापति शेरबहादुर देउवालाई चुनाव लड्नबाट बञ्चित गरियो। जबकि उनी अहिलसम्म कुनै पनि निर्वाचनमा पराजय भएका थिएनन्। त्यस्तै, बीपी पुत्र डा. शशांक कोइराला तथा गणेशमान पुत्र प्रकाशमान सिंहलाई पनि चुनाव लड्न दिइएन। दुवै जना गएको निर्वाचनमा विजयी भएका थिए।
कांग्रेसले आफैले बनाएको नियम विपरीत व्यक्ति इगोको कारण कैयन लगातार जीत हासिल गरेका नेताहरुलाई पनि टिकट नदिएर चुनाव लड्नबाट बञ्चित गरियो। नयाँ अनुहारलाई टिकट दिने नाममा नातागोता, नजिकका र पैँसावालालाई उम्मेद्वार बनाइयो तर परिणाम ठीक उल्टो आयो। २०७९ को निर्वाचनमा पहिलो भएको पार्टी २०८२ को निर्वाचनमा लजास्पद हारसहित दोस्रो दल बन्न पुग्यो। जबकि राष्ट्रिय स्वतन्त्र पार्टीले १ सय ८२ सिट ल्याउँदा, नेपाली कांग्रेस भने ३८ सिटमा खुम्चियो। जुन कांग्रेसका लागि लज्जाको विषय बन्यो।
अझ सोचनीय कुरा त के भने, शक्तिशाली भनिएका पार्टी सभापति गगन थापाको बागमती प्रदेशमा प्रत्यक्षमा रसुवाबाहेक कतै जीत हात परेन। अनि, निकै तामझामका साथ निर्वाचन लड्न मधेश झरेका पार्टी सभापति आफूले ठूलो मतान्तरले पराजय बेहोरे। कांग्रेस बलियो क्षेत्र मानिएको मधेशमा प्रत्यक्षमा पनि रौतहटमा बाहेक कही पनि जीत हासिल गर्न सकेन।
यो निर्वाचनमा नेपाली कांग्रेसको साख बचाएको सुदूरपश्चिम र कर्णाली हो तर पार्टी नेतृत्वले सुदूर र कर्णालीप्रति सौतेनी व्यवहार देखायो। निर्वाचनको समयमा एक पनि चुनावी सभा गर्न सकेन। उल्टो तत्कालीन सभापति शेरबहादुर देउवाप्रति लान्छाना लगाउने गरी वक्तव्यबाजी गर्न तम्सिए। जसले आमकांग्रेस निराश हुन पुगे।
अर्को कुरा, पार्टीभित्र विशेष महाधिवेशनको नाममा जेजस्तो भयो, त्यसाले आम कार्यकर्ताहरुले गाउँ जान र मत माग्न कठिन भयो। अन्यौलको सिर्जना भयो। जसले सुखद् परिणाम ल्याउन सकेन।
निकै तामझाम र चर्को भाषणबाजीसँगै भएको विशेष महाधिवेशनबाट बदलिएको कांग्रेस गाउँगाउँ जान सकेन। प्रशासनिक चुस्तता हुन सकेन। विगतमा केन्द्रले गर्ने समन्वय यो पटक अन्यौलतामा रुमलियो। प्रभावशाली बदलिएको कांग्रेसले निर्वाचन अघि र पछि कर्णाली र सुदूरपश्चिमा एउटा पनि आमसभा गर्न सकेन। मधेश बाहेक अरु प्रदेशमा पनि देखिने सुनिने गरी कुनै पनि चुनावी सभा हुन सकेन।
पार्टी सभापति गगन थापा आफ्नो निर्वाचन क्षेत्रबाहेक कतै देश दौडाहमा जान सकेनन्। उनी आफ्नै लागि मत माग्नमै सीमित रहे। निर्वाचन हारिने डरले निर्वाचन नलडेका सपभापति विश्वप्रकाश शर्मा पनि आफू निकटका उम्मेद्वारका केही क्षेत्रबाहेक कतै पनि गएनन्। उनले आफ्नै निर्वाचन क्षेत्रमा कांग्रेसलाई जिताउन सकेनन्।
उनको निर्वाचन क्षेत्र सबैभन्दा बढी मत श्रम संस्कृति पार्टीले ल्यायो। रोचक कुरा त भने, बदलिएको भनिएको कांग्रेसका कुनै पनि पदाधिकारीले चुनाव जीत्न सकेनन्। बदलियो कांग्रेस, बदल्छौँ देशको नाराले नेपाली कांग्रेसलाई उल्टा गिज्यायो। नेता, कार्यकता तथा आमजनताले कांग्रेस बदलिएको महसुस नै गरेनन्।
लज्जास्पद हार व्यहोरेपछि पार्टीले निर्वाचनपछि गरिएको निर्वाचन समीक्षा भेला पनि सुदूरपश्चिम र कर्णाली प्रदेशमा आयोजना हुन सकेन। बाँकी भएको समीक्षामा विगतको नेतृत्वलाई दोष लगाएर आफू चाखो बन्ने काम गरियो। आफ्ना मन परेका र एकदमै चमत्कारिक नेतृत्व भएकालाई टिकट दिँदा पनि लज्जाजपद हारपछि जिम्मा लिनुको सट्टा विगतको नेतृत्वमाथि दोष थुपार्ने काम भयो।
आफ्ना गल्ती ढाकछोप गर्न अरुमाथि दोषारोपण गरियो। हारको वास्तविक कारण पहिचान नै नगरी सबैलाई गुमाराहामा राख्ने कार्य गरियो। जसले पार्टी सुधार भन्दा पनि नयाँ इगो जन्माउने कार्य ग¥यो। निर्वाचन हार व्यहोरेको नेपाली कांग्रेसले पार्टीलाई अध्यावधिक गर्ने र गाउँगाउँसम्म पुग्ने भनेर जरा अभियान घोषण ग¥यो।
यस्तै यही नामसँग मिल्दोजुल्दो अभियान नेकपा (एमाले) ले निर्वाचन अघि तीन महिनासम्म सञ्चालन गरेको थियो। जुन औचित्यहिन सावित भएको थियो। एमालेमा प्रभावहीन भएको जरा अभियान नेपालीले कांग्रेसले नक्कल गरेर घोषणापछि पनि औचित्यहीन सावित भइरहेको छ। अहिले निर्वाचनको परिणाम र पार्टीका आन्तरिक द्वन्द्वका कारण निराश भएका भएका नेता कार्यकर्ता झन् निराश भएका छन्।
उनीहरुलाई वैचारिकरुपमा प्रशिक्षित गरी मनोबल उच्च गर्नु समयमा क्रियाशील सदस्य अध्यावधिकका नाममा थप पीडा थपेको छ। देशभरि सबै जिल्ला तथा क्षेत्रमा १५ औं महाधिवेशनका लागि लगभग ७ लाख क्रियाशील सदस्य नवीकरण गरिसकेका छन्।
जरा अभियानको नाममा आफ्ना नजिककालाई पार्टीभित्र ल्याउने र बाँकीलाई क्रियाशील सदस्यबाट हटाउने षड्यन्त्र गन्ध देखिन्छ। अधिकांश नेपाली कांग्रेसका क्रियाशील सदस्य बिना अर्थको अध्यावधिक गर्ने मनस्थितिमा छैनन्। परिणामतः केन्द्रबाट लादिएको जरा अभियान कार्यकर्ताको बहिस्कारमा परेको छ।
पार्टी सभापतिलगायतका पदाधिकारीले के भ्रम फैलाइरहेका छन् भने क्रियाशील सदस्यको विवरण राख्नका लागि जरा अभियान गरिएको हो तर सत्यता के हो भने १५ औं महाधिवेशनका लागि संकलन गरिएका नवीकरण फारममा सदस्यको फोटोसहितको विवरण भरिएको छ। अझ नयाँ क्रियाशीलमा त झन् पूरा विवरणसहित फराम भरेर जिल्ला कार्यसमितिलाई बुझाइसकेको छ। सबै विवरण पार्टीसँग छँदै छ, केका लागि थप अध्यावधिक गर्ने ? यो प्रश्न आमकार्यकर्ताले गरिरहेका छन्।
शंकाको विषय के हो भने अहिले थालिएको जरा अभियानको नाममा आफूसँग सहमत नहुने तथा फरक मत राख्ने नेता कार्यकर्तालाई रोक्नेका लागि थालिएको अभियानजस्तो देखिन्छ। यो अभियानले फरक मत राख्नेलाई १५ औं महाधिवेशनमा भाग लिनबाट बञ्चित गर्नका लागि प्रयोग गरिएको हो कि ? भन्ने आशंका जन्माएको छ।
अहिलेको नेतृत्वको गुणगान गाउने तथा विशेष महाधिवेशनका लागि हस्ताक्षर गर्नेहरुलाई मात्र पार्टीभित्र स्थान दिने नियतका साथ लागू गरिएको जस्तो देखिन्छ। नत्र भने औचित्यहीन र पार्टीहित विपरीत देखिने कुबेलामा किन सञ्चालन गर्नुप¥यो त ? यसको सैद्धान्तिक, वैचारिक तथा सङ्गठित औचित्य के हो ?
अहिलेसम्म नेतृत्वले यसको पुष्टि गर्नसकेको अवस्था छैन। धेरैको बुझाइ यसलाई पार्टी कब्जा गर्ने अर्को षड्यन्त्रका रुपमा लिएका छन्।
जरा अभियान असफल सावित भइसकेको छ। पार्टीले जरा अभियानका लागि खटाइएको केन्द्रीय प्रतिनिधि जिल्ला जान सकेका छैनन्। गएकाहरुले पनि जिल्ला र क्षेत्रको बैठक डाक्न सकेका छैनन्। जिल्ला पुगेका प्रतिनिधि पनि त्यतिकै फर्किरहेका छन्।
गाउँ तथा वडा पुग्ने कुरा त परै जाओस् तर केही जिल्लामा जिल्लाको नेतृत्वसँग समन्वय नगरिकनै आफ्नै ढंगले जरा अभियानअन्तर्गत क्रियाशील अध्यावधिक गरिहेका छन्। अझ सुदूरपश्चिम र कर्णालीमा जरा अभियानको कुनै प्रभाव नै छैन। कोशी, बागमती, गण्डकी, लुम्बिनीमा पनि एकमदै न्यून सहभागिता रहेको देखिन्छ।
यहीबाट के पुष्टि हुन्छ भने औचित्यहीन जरा अभियानले पार्टी थप कमजोर बनाउने कामबाहेक अरु केही गर्नेवाला छैन। जरा अभियानको बारेमा अर्को शंका गर्ने कुरा के भने, पार्टी सभापतिले नै सार्वजनिकरुपमै हामीलाई धेरै हैन एक दुई लाख क्रियाशील पुग्छ, बढी चाहिदैन भनिरहेका छन्। सात लाख क्रियाशीलबाट एक दुई लाखमा सीमित गरिदै छ। के उद्देश्यका लागि यस्तो गरिदै छ ?
सुन्दै अनौठो लाग्ने विषय त के भने सभापतिको आशय पार्टीभित्र सबैलाई समेटिनुपर्छ भन्दा पनि आफ्ना मात्र भए पुग्छ भन्ने जस्तो बुझिन्छ। अर्को कुरा आउने भए आऊ, नआउने भए पनि ठीकै छ भन्ने व्यवहार गरेजस्तो भान हुन्छ। तिम्रो पार्टीभित्र त्यति आवश्यकता पनि छैन भन्ने खालको आशयले अझ बढी शंका उब्जाएको छ र यो पार्टी एकलौटी कब्जा गर्ने षड्यन्त्र जालो हो भन्ने शंका गर्ने बल पुगेको छ।
पार्टीभित्रको परिवर्तन हुनुपर्छ भन्दै क्रान्तिकारी कुरासहित दिनहुँ सामाजिक सञ्जालमा देखिने पार्टी सभापति अहिले देखिन छोडेका छन्। सुनिन छोडेका छन्। बुझिन छोडेका छन्। लगभग दुई तिहाइ बलियो सरकार भएको वर्तमान अवस्थामा प्रमुख प्रतिपक्ष दलको लापत्ताझैँ छ। जनजीविका सवालमा बेखबरजस्तै देखिन्छ।
सरकारले विना व्यवस्थापन हजारौं सुकुम्वासी विस्थापित गरेको छ। दलीय ट्रेड युनियन खारेज गरेको छ। विश्वविद्यालयमा विद्यार्थी संगठनमाथि प्रतिबन्ध लगाएको छ। महंगीले गरिबको चुलो बल्न छाडेको छ तर नेपाली कांग्रेस न सदनमा देखिन्छ, न त सडकमै देखिन्छ।
विगतमा कहिले सामाजिक सञ्जालमा त देखिन्थ्यो, अहिले त्यो पनि देखिन छाड्यो। देशको अवस्था एकातिर छ। जनताको अवस्था अर्कोतिर छ तर बदलिएको नेपाली कांग्रेस भने जरा भन्या छ। गाउँतिर कुदेको छ। सीमित घेराभित्र गफमा रमाएको छ। जनता कांग्रेस खोजिरहेका छन् तर कांग्रेस जरा खोजिरहेको छ।
समग्रमा, यही अवस्थामा नेपाली कांग्रेस रहिरह्यो भने स्थानीय तह र प्रदेशका निर्वाचनपछि जरा त के रुखको पातसमेत रहदैन। स्पष्ट विचार नभएको नेतृत्वले अन्ततः पार्टीलाई जनताबाट टाढा लैजान्छ। सामुहिकताबाट सीमित घेराभित्र खुम्च्याउँदछ। आन्तरिक लोकतन्त्रलाई बर्जित गर्छ।
नेता तथा कार्यकताबीचको आन्तरसम्वादलाई अस्वीकार गर्छ। पार्टी एउटा क्लवमा रुपान्तरित हुन्छ। अनि लोकतन्त्र मर्छ। फरकशैलीको अधिनायकवाद जन्मिन्छ र पार्टी धरासायी हुन्छ। यसकारण जरा अभियान हैन, सबैलाई समेटेर, सबैको भावना बुझेर, सबैलाई सँगै हिडाएर जानुको बिकल्प छैन।
नभए आउँदो निर्वाचनमा कांग्रेसले अकल्पनीय क्षति भोग्छ। अनि पछि जति पछुताए पनि कांगेस र कांग्रेसी रहन्न। त्यसकारण बेलैमा दम्भ, अहमत तथा घमण्डलाई त्यागेर पार्टीलाई एकताबद्ध बनाएर अघि बढाउनुको अर्को बिकल्प छैन। देश, लोकतन्त्र र पार्टीको यसैमा हीत छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# मनमोहनजी सरल र सादगी नेता हुनुहुन्थ्योः राष्ट्रपति




**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले समाजका वरिष्ठ नागरिकको ज्ञान र सिपबाट नयाँ पुस्ताले लाभ लिन सक्नुपर्ने बताएका छन् । शनिबार मनमोहन स्मृति प्रतिष्ठानले आयोजना गरेको ज्येष्ठ नागरिक अन्तर्राष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै उनले सो धारणा व्यक्त गरेका हुन् ।

यसका लागि ज्येष्ठ नागरिकले गरेका काम, कारवाहीका असल अभ्यासलाई पाठ्यक्रम अथवा अन्तरक्रियामार्फत नयाँ पुस्ताले ग्रहण गर्न सक्छ भने शारीरिक दृष्टिले काम गर्न सक्ने तथा इच्छुक ज्येष्ठ नागरिकलाई सुहाउँदा काममा सरिक गराई उत्पादनसँग जोड्ने एवम् राष्ट्रिय रूपमा उनीहरूसित सम्बन्धित विषयका नीति निर्माणमा र सामुदायिक तहका क्रियाकलापमा अनिवार्यरुपमा उनीहरूको प्रतिनिधित्व गराउने व्यवस्था गर्नुपर्दछ भन्ने म ठान्दछु, राष्ट्रपति पौडेलले भने ।

स्वस्थ्यकर सामग्री खानु, लाउनु र आवश्यक परेका अवस्थामा स्वास्थ्य उपचार सेवा पाउनु ज्येष्ठ नागरिकको हक भएको उनको भनाई थियो ।

उनीहरूले पनि उस्तै उमेरका वा अरू जोसुकैसित पनि अन्तक्रि्रया गर्ने एवम् सकेसम्म परिवारमै स्थापित भएर जीवनयापन गर्न पाउनुपर्नेमा उनले जोड दिए । दक्षिण एसियामै वामपन्थी राजनीतिका प्रथम निर्वाचित प्रधानमन्त्री मनमोहनजी सरल र सादगी नेता भएको उनको भनाई थियो ।

राष्ट्रपति पौडेलले वि.सं. २०५१ सालमा मनमोहन अधिकारी नेतृत्वको सरकारले पहिलो पटक ज्येष्ठ नागरिकका लागि मासिक वृद्ध भत्ताको सुरुवात गरेको ऐतिहासिक तथ्यको स्मरण गरे ।

तत्कालीन समयमा १०० रुपैयाँबाट शुरु भएको भत्ता हाल ४ हजार पुगेको उल्लेख गर्दै उनले ज्येष्ठ नागरिकको सम्मान र सुरक्षामा सो कदम कोशेढुङ्गा सावित भएको बताए ।

# ज्येष्ठ नागरिकहरू ज्ञान र अनुभवको महत्वपूर्ण श्रोतः ईश्वर पोखरेल



**काठमाडौँ ।**
नेकपा (एमाले) का नेता ईश्वर पोखरेलले ज्येष्ठ नागरिकहरूलाई केवल सामाजिक सुरक्षा र सम्मानको घेरामा मात्र सीमित नराखी उनीहरूलाई ज्ञान र अनुभवको महत्त्वपूर्ण स्रोतका रूपमा स्वीकार गर्नुपर्ने बताएका छन् । मनमोहन स्मृति प्रतिष्ठानबाट सनिबार आयोजित कार्यक्रलाई सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् ।

उनले ज्येष्ठ नागरिकको अनुभवलाई राज्य सञ्चालन, समाज रूपान्तरण र पारिवारिक समृद्धिमा सदुपयोग गर्नुपर्ने धारणा राखे ।

नेपालमा सामाजिक सुरक्षा कार्यक्रमको सुरुवात गर्ने प्रथम जननिर्वाचित कम्युनिस्ट प्रधानमन्त्री मनमोहन अधिकारीको योगदानको स्मरण गर्दै नेता पोखरेलले उनको विचार र निष्ठालाई चिरस्थायी बनाउन प्रतिष्ठानले विभिन्न रचनात्मक कार्यहरू गर्दै आएको बताए । २०५६ सालमा स्थापित प्रतिष्ठानले ज्येष्ठ नागरिकका लागि देश दर्शन, सम्मान कार्यक्रम, स्वास्थ्य शिविर तथा साहित्यिक गतिविधि सञ्चालन गर्दै आएको छ ।

साथै, युवाहरूलाई प्राविधिक शिक्षा प्रदान गर्न मोरङमा मनमोहन प्राविधिक विश्वविद्यालयको स्थापना गरी स्वरोजगारीका क्षेत्रमा समेत काम भइरहेको पोखरेलले बताए ।रासस

# सरकारले उद्योगी व्यवसायीलाई थुन्ने सूची बनाएको छैनः अर्थमन्त्री

**काठमाडौँ ।**
अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सरकारले निजी क्षेत्रका उद्योगी व्यवसायीलाई धरपकड गर्दैछ भन्ने हल्लाको पछि नलाग्न आग्रह गरेका छन् ।

शुक्रबार अबेर काठमाडौँमा आयोजित एक कार्यक्रममा बोल्दै उनले निजी क्षेत्रका व्यवसायीलाई थुन्ने, धरपकड गर्ने कुनै सूची सरकारले बनाएको नबनाएको स्पष्ट पारे ।

उनले भने, 'हल्लाको पछि नलाग्नुस् तपाईहरु हाम्रो साझेदार हो ।'

अर्थमन्त्री वाग्लेले सरकारको १०० बिलियन डलरको अर्थतन्त्र बनाउने योजनाको निजी क्षेत्र साझेदार रहेको बताए । उनले सरकारका पाँच प्राथमिकताहरूबारे पनि प्रस्व्याएका थिए । उनले सरकारको पहिलो प्राथमिकता सुशासन, दोस्रो– अर्थतन्त्रको पुनरुत्थान, तेस्रो– मुलुकमा आन्तरिक र बाह्य कनेक्टीभिटी, चौथो– प्राथमिकता सामाजिक लगानी र पाँचौ– पर्यटन, संसकृति र इतिहासमार्फत सौम्य शक्ति विस्तार रहेको बताए ।

अर्थतन्त्रको जहाज मोड्ने अवस्थामा मुलुक रहेको भन्दै उनले त्यसका लागि आगामी बजेटसम्म पर्खिन पनि उद्योगी व्यवसायीलाई आग्रह गरे । राजनीतिक स्थायित्व र इमानदारीपूर्वक देश अघि बढाउँदा छिमेकी मुलुक भारतले गरेको प्रगतिको उदाहरण दिँदै उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सत्ता सम्हाल्ने समय र अहिले नेपालको अर्थतन्त्रको केही सूचकहरु समान रहेको बताए ।

'सन् २०१४–०१५ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले सत्ता सम्हाल्दा भारतको अर्थतन्त्रको केही सूचक नेपालकै अहिलेकै हाराहारी थियो । तर पछिल्लो १२ वर्षमा त्यो फड्को मारेर कहाँबाट कहाँ पुग्यो । हामी पनि सोहीबाटो लाग्ने बेला भएको छ,' उनले भने ।

# सुरक्षित, व्यवस्थित र नियमित आप्रवासनप्रति नेपाल प्रतिबद्ध छ



**काठमाडौँ ।**
संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाले सुरक्षित, व्यवस्थित र नियमित आप्रवासन प्रवर्द्धनप्रति नेपाल प्रतिबद्ध रहेको बताए का छन् ।

संयुक्त राष्ट्रसङ्घको प्रधानकार्यालयमा शनिबार भएको दोस्रो अन्तरराष्ट्रिय आप्रवासन समीक्षा मञ्चको बहसमा उनले सुरक्षित एवं व्यवस्थित आप्रवासनमा जोड दिँदै आएको नेपाल प्रमुख श्रम आपूर्तिकर्ता राष्ट्रका भएकाले सुरक्षित र मर्यादित आप्रवासनका पक्षमा दृढ रहेको बताए ।

संयुक्त राष्ट्रसङ्घका लागि नेपालको स्थायी नियोगका अनुसार राजदूत थापाले करिब ४० लाख नेपाली आप्रवासी श्रमिकले श्रम गरेको मुलुकको अर्थतन्त्र तथा नेपालको विकासमा महत्वपूर्ण योगदान पु¥याइरहेको उल्लेख गरे । विप्रेषण, सीप र ज्ञान हस्तान्तरणमार्फत आप्रवासी नेपालीले नेपालको आर्थिक तथा सामाजिक विकासमा उल्लेखनीय भूमिका निर्वाह गरेका उनले बताए ।

उनले भर्ती प्रणाली, लैङ्गिक उत्तरदायी आप्रवासन नीति, सीप विकास, मानव बेचबिखन नियन्त्रण, सामाजिक सुरक्षा कोष तथा वैदेशिक रोजगार कल्याणकारी कोषमार्फत सामाजिक सुरक्षाको व्यवस्था र भर्ती सेवाको 'डिजिटल' प्रणालीकरण लगायत क्षेत्रमा नेपालले सुधारका विभिन्न पहल अघि बढाएको जानकारी दिए ।

राजदूत थापाले अनियमित आप्रवासन, मानव बेचबिखन, श्रम शोषण तथा समन्वय अभावजस्ता चुनौती विद्यमान रहेका उल्लेख गर्दै ती समस्याको समाधानका लागि अन्तरराष्ट्रिय सहकार्य र साझा जिम्मेवारी आवश्यक भएकामा जोड दिए ।रासस

# विधिद्वारा स्थापित पद्धति र परम्परा पालना हुनुपर्छः राष्ट्रपति




**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले विधिद्वारा स्थापित पद्धति र परम्परा पालना हुनुपर्नेमा जोड दिएका छन् । कानुन दिवस, २०८३ का अवसरमा आज सर्वोच्च अदालतले यहाँ आयोजना गरेको कार्यक्रममा राष्ट्रपति पौडेलले कानुन दोषीका लागि भय र निर्दोषका लागि आशा, भरोसा र सहारा हुनुपर्ने बताएका हुन् ।

सुशासन, अमन, शान्ति, समृद्धि र मर्यादाका लागि विधि र स्थिति औजार र उपचार दुवै हुन् भनेर सम्झने र बुझ्ने पुनित दिनलाई नै कानुन दिवसका रुपमा मनाइन्छ, राष्ट्रपति पौडेलले भने, कानुन दिवसको यही मर्मलाई आत्मसात् गर्नसकेमात्र आत्मनिर्भर र समृद्ध नेपालको कल्पना गर्न सकिन्छ ।

राष्ट्रपति पौडेलले नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका एवं कानुनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्यमान्यताप्रति प्रतिबद्ध प्रणालीको व्यवस्था गरेको उल्लेख गरे । साथै, उनले नेपालको संविधानको मर्म एवं वर्तमान आवश्यकताअनुरुप नयाँ कानुनको निर्माण र प्रचलित कानुनमा समसामयिक सुधार गरी आधुनिक पद्धति र प्रविधि समेतको प्रयोगबाट आमनागरिकको न्यायमा सहज पहुँच स्थापित गर्ने, मुद्दाको शीघ्र व्यवस्थापनमार्फत छिटोछरितो न्याय सम्पादन गर्ने गर्नुपर्नेमा जोड दिए ।

उनले भने, विधिको शासन कायम गर्ने तथा न्यायिक मूल्यमान्यतामा क्षयीकरण हुन नदिइ न्यायपालिकाको जनआस्था अभिवृद्धि गर्ने सुनिश्चतताका लागि कानुन दिवसले सबैमा सकारात्मक सोच, हौसला र प्रेरणा प्रदान गर्न सकोस् । कार्यक्रममा कामु प्रधानन्यायाधीश सपनाप्रधान मल्लले कुनै पनि डर र प्रभावमा नपरी न्यायसम्पादन गर्न सम्पूर्ण न्यायाधीशलाई आग्रह गरे । उनले आफूले न्यायका लागि लामो समयदेखि लड्दै आएको स्मरण गर्दै अझै न्यायको लडाईं बाँकी रहेको बताए ।

संविधानको इमान्दारपूर्वक कार्यान्वयन गर्ने, विधिको शासनको पालना गर्ने र पालना गर्न कहीँ चुकेमा समीक्षा गर्ने दिन पनि कानुन दिवस नै भएकाले आत्मसमीक्षा गर्नुपर्ने धारणा राखे ।

त्यस अवसरमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्याल, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, संवैधानिक आयोगका प्रमुखहरु, कूटनीतिक नियोग तथा उच्चपदस्थ अधिकारीहरूको सहभागिता थियो ।

नेपालको प्रधानन्यायालय ऐन, २००८ विसं २००९ वैशाख २६ गतेदेखि लागू भएको दिनको सम्झनामा प्रत्येक वर्ष वैशाख २६ को दिनलाई कानुन दिवसका रुपमा मनाइँदै आएको छ ।रासस

# न्यायसम्पादनमा ढिलाइ हुँदा कार्यसम्पादनमा समस्या भयोः प्रदेश प्रमुख

**कैलाली ।**
सुदूरपश्चिम प्रदेश प्रमुख नजीर मियाँले न्यायसम्पादनमा ढिलाइ हुँदा कतिपय अवस्थामा कार्यसम्पादनमा समस्या हुने गरेको गुनासा रहेको बताएका छन् ।

शनिबार मुख्य न्यायाधिवक्ताको सातौँ वार्षिक प्रतिवेदन बुझ्दै उनले छिटोछरितो न्यायसम्पादनको अवस्था बनाउनपर्नेमा जोड दिए ।

प्रदेश प्रमुख मियाँले सीमित स्रोतसाधनकाबीच पनि कार्यसम्पादन भइरहेकामा प्रशंसा गर्दै मुख्य न्यायाधिवक्तासहित सम्पूर्ण टोलीलाई अझै उच्च मनोबलसहित काम गर्न सुझाव दिए । मुख्य न्यायाधिवक्ता ठेकेन्द्रराज जोशीले आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदन हस्तान्तरण गर्दै कार्यसम्पादनको अवस्थाबारे जानकारी गराएका थिए । उनले सर्वोच्च, उच्च तथा जिल्ला अदालतमा गरेका बहस पैरवी, जिल्लाका विद्यार्थीलाई दिइएको कानुनी साक्षरता र सचेतना, कारागार अनुगमन, अन्य प्रदेशबाट सिकिएका असल अभ्यास तथा स्थानीय तहका न्यायिक समितिलाई गरिएको प्रशिक्षण एवं अन्तरक्रियाबारे जानकारी गराए ।

मुख्य न्यायाधिवक्ता जोशीले प्रतिवेदनमार्फत आठबुँदे सुझाव पनि दिएकाले तिनको कार्यान्वयनमा सबै गम्भीर हुनुपर्नेमा जोड दिए । प्रदेश प्रमुख मियाँले उक्त प्रतिवेदन यथाशीघ्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत प्रदेशसभामा पठाइने र त्यसमा विस्तृत छलफल भई सुझाव सम्बोधन हुने विश्वास व्यक्त गरे ।रासस

# बजार सुशासनका लागि सोमबारदेखि देशभर 'मूल्य पारदर्शिता सप्ताह'




**काठमाडौँ ।**
बजारमा व्याप्त अनियमितता, कृत्रिम मूल्यवृद्धि र उपभोक्ता ठगी नियन्त्रण गर्ने उद्देश्यले सरकारले सोमबारदेखि देशभर विशेष अभियान सञ्चालन गर्ने भएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको संयुक्त पहलमा 'मूल्य पारदर्शिता सप्ताह' आयोजना गर्न लागिएको हो ।

प्रधानमन्त्री वालेन्द्र शाहका प्रेस तथा अनुसन्धानविज्ञ दिपा दाहालले आमनागरिकको दैनिक जीवनसँग जोडिएको मूल्यवृद्धिको समस्या समाधान गर्न यो अभियान सञ्चालन गर्न लागिएको बताइन् । सप्ताहव्यापी अभियानले बजारमा हुने गलत क्रियाकलाप रोक्न कोसेढुङ्गा सावित हुने विश्वास लिइएको बताइन् ।

प्रेसविज्ञ दाहालले सबै सरोकार भएका निकाय, नागरिक समाज र सञ्चारकर्मीलाई यस अभियानमा सहयोग र बजारमा हुने अनियमितताको खबरदारी गर्नसमेत आग्रह गरिन् ।

**अभियानको समयसीमा र नेतृत्व**

यो विशेष अभियान सोमबारदेखि सुरु भई जेठ ३ गतेसम्म सञ्चालन हुनेछ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको निर्णय र पत्राचारअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले यसलाई कार्यान्वयनका लागि देशभरका निकायलाई निर्देशन दिइसकेको छ ।

अभियान कार्यान्वयनका लागि गृह मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सबै प्रदेशका मुख्यमन्त्री कार्यालय र स्थानीय तहलाई निर्देशन दिइसकिएको प्रधानमन्त्रीका प्रेसविज्ञ दाहालले जानकारी दिए ।

**कसले के जिम्मेवारी निभाउने ?**

प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रका वस्तु तथा सेवा प्रदायकहरूलाई अनिवार्य रूपमा मूल्यसूची राख्न आह्वान गरी सोको नियमित अनुगमन गर्नेछन् ।

यस्तै, जिल्ला प्रशासन कार्यालयलाई जिल्ला तहमा बजार अनुगमन समितिलाई सक्रिय बनाउँदै मूल्य पारदर्शिताका लागि व्यापक प्रचारप्रसार गर्ने र नियमन सुनिश्चित गर्ने जिम्मेवारी दिइएको छ ।

केन्द्रीय र प्रदेश बजार अनुगमन समितिले बजारको मूल्याङ्कन गर्ने, अनुगमन टोली खटाउने र नियम पालना नगर्नेमाथि कडा कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउनेछन् ।

**अभियानको आवश्यकता ?**

बजारमा वस्तु तथा सेवाको मूल्यमा एकरूपता नहुँदा र उपभोक्ताहरूले वास्तविक मूल्य थाहा नपाउँदा ठगिनेक्रम बढेको विषयमा गुनासा बढेपछि सरकारले अभियान सञ्चालन गर्न लागेको हो ।

बजारमा उपलब्ध हुने हरेक वस्तु तथा सेवाको मूल्यमा स्पष्टता र पारदर्शिता ल्याउन, व्यापारी र सेवा प्रदायकलाई जवाफदेही बनाउन, अनिवार्य मूल्यसूचीको व्यवस्था लागू गर्न र अनुगमन प्रणालीलाई चुस्त बनाउँदै दोषीमाथि तत्काल कारबाही सुनिश्चित गर्न यो अभियान सुरु गर्न लागिएको जनाइएको छ ।रासस

# रूपाकोटलाई नगरपालिकालाई ‘कफी हब’ बनाउने लक्ष्य



**खोटाङ ।**
दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका स्थानीय बासिन्दालाई उत्पादन र स्वरोजगारसँग जोड्ने उद्देश्यले ‘उत्पादनमा उपप्रमुख महाभियान’ कार्यक्रम सुरु गरिएको छ । नगरपालिकाले चालू आर्थिक वर्षका लागि रु एक करोड ५० लाख बजेट विनियोजन गरेर उत्पादनमा उपप्रमुख महाभियान कार्यक्रम सुरु गरेको हो ।

उत्पादनमा उपप्रमुख महाभियान कार्यक्रमअन्तर्गत कफीखेतीको सम्भावना रहेका वडाहरूको पहिचान गरेर किसानलाई कफीको बिरुवा निःशुल्क वितरण गर्दै प्राविधिक सहयोगसमेत उपलब्ध गराउने गरिएको छ । हरेक वडाका किसानलाई आफ्नै ठाउँमा स्वरोजगार बनाउँदै प्रतिवर्ष दश लाख किलोग्राम प्रशोधित कफी उत्पादन गर्ने लक्ष्यसहित उत्पादनमा उपप्रमुख महाभियान कार्यक्रम सुरु गरेको हो ।

महाभियानअन्तर्गत यो वर्ष नगरपालिकाभित्र कम्तीमा पनि आठ हेक्टर क्षेत्रफल जमिनमा २८ लाख कफीका बिरुवा रोप्ने तयारी गरिएको नगर उपप्रमुख विशन राईले बताए । ‘हाम्रो मुख्य लक्ष्य भनेकै युवा शक्तिलाई गाउँमै रोजगारी दिनु हो । यो महाभियानले बाँझो जमिनको सदुपयोगसमेत गर्नेछ । स्थानीयको आयआर्जनमा पनि वृद्धि गर्छ । विशेषगरी वैदेशिक रोजगारीमा जाने युवालाई स्वदेशमै स्वरोजगारीको अवसर सिर्जना गर्नु छ’, उनले भने, ‘कफीखेतीलाई व्यवसायिक रूपमा अगाडि बढाएर नगरलाई भविष्यमा ‘कफी हब’को रूपमा विकास गर्ने योजना बनाइएको छ । नगरपालिकाले सुरु गरेको अभियानका कारण परम्परागत रूपमा वर्षौंदेखि कोदो, मकै र धानखेती गर्दै आएका किसानलाई व्यावसायिक कफीखेतीतर्फ आकर्षित भएका छन् ।’

नगरपालिकाले सञ्चालन गरेको उत्पादनमा उपप्रमुख महाभियानले आफूहरूलाई आत्मनिर्भर बनाउन र आर्थिक अवस्था सुधार्न कोशेढुङ्गा सावित हुने कृषकहरूले विश्वास व्यक्त गरेका छन् । नगरपालिकाले कफीको बिरुवा वितरण गर्नुअघि नै किसानलाई व्यावसायिक कफीखेतीसम्बन्धी प्राविधिक ज्ञान प्रदान गरिसकेको छ ।

नगरपालिकाको अभियानअनुसार अहिले कफी रोप्नका लागि किसानहरूले गाउँगाउँमा खाल्डा खन्ने काम धमाधम गरिरहेको नगरपालिकाले जनाएको छ । कफी रोप्नका लागि नगरपालिकाभित्रका किसानहरूले देखाएको सक्रियताले उत्पादनमा उपप्रमुख महाभियान कार्यक्रम सफल हुने सङ्केत देखाएको छ । नगरपालिकाले सञ्चालन गरेको उत्पादनमा उपप्रमुख महाभियानअन्तर्गत कफीको बिरुवा उत्पादन गर्ने नर्सरीमा रोजगारीसमेत पाएका छन् । गत वर्षदेखि सुरु गरिएको कफीखेती प्रवद्र्धन कार्यक्रमअन्तर्गत वडा नं ६ नेर्पा र वडा नं १४ बुइपामा कफीको नर्सरी उत्पादन गरिएको छ ।

रोजगारीका लागि सहर वा विदेश जानुपर्ने बाध्यता रहेको अवस्थामा नगरपालिकाले सञ्चालन गरेको उत्पादनमा उपप्रमुख महाभियानले आफ्नै गाउँमा रोजगारी पाएको नेर्पाकी अञ्जना रिजालले बताए । जिल्लाको सबैभन्दा ठूलो स्थानीय तह (पन्ध्र वडा रहेको) यो दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाले गत वर्षबाट कफी प्रवद्र्धन कार्यक्रम सुरु गरेको हो ।

नगरपालिकाले सञ्चालन गरेको उत्पादनमा उपप्रमुख महाभियान कार्यक्रमले बाँझो जमिनलाई हराभरा बनाउने मात्र नभई स्थानीय अर्थतन्त्रमा समेत ठूलो टेवा पु¥याउने नगरप्रमुख राईले बताए ।

जब पाखाहरूमा कफी फल्न थाल्नेछ, तब नगरपालिकाको पहिचान केवल एउटा पहाडी सहरमा मात्र सीमित रहने छैन । यो नगरपालिकालाई कफी हबको रूपमा चिनिनेछ’, उनले भने, ‘जिल्लामा कफीको माग अधिकमात्रामा बढेर गएको छ । कफीमा अहिले वार्षिक २० करोडभन्दा बढी पुँजी बाहिर पलायन हुन्छ । अबको केही वर्षभित्रै जिल्लाभरि कफीको मागलाई पूर्ति गर्ने नगरपालिकाको लक्ष्य छ ।’

व्यावसायिक कफीखेतीका लागि पकेट क्षेत्र निर्धारण गरेर गत वर्ष ८२ हजार बिरुवा किसानलाई निःशुल्क वितरण गरिएको नगरपालिकाले जनाएको छ । यो वर्ष २२ लाख कफीको बिरुवा निःशुल्क वितरण गर्ने योजनासहित करिब तीन लाख बिरुवा किसानलाई वितरण गरिसकिएको जनाइएको छ ।

पन्ध्र वडा रहेको यो नगरपालिकामा २८ हजार ७०३ हेक्टर खेतीयोग्य जमिन रहेकोमा एक करोड ४० लाख कफीका बिरुवा रोप्ने लक्ष्य राखिएको उपप्रमुख राईले जानकारी दिएका छन् । वार्षिक २० अर्बसम्म आम्दानी गर्ने उद्देश्यले यो वर्ष ५० लाख बेर्ना उत्पादन गर्ने तयारी गरिएको जनाइएको छ ।

कफीखेती प्रवद्र्धन कार्यक्रमका लागि नगरपालिकाभित्र ४४ वटा समूह बनाएर उत्पादनमा उपप्रमुख महाअभियान कार्यक्रम सञ्चालन गरिएको छ । समुद्री सतहबाट ८०० मिटरदेखि एक हजार ६०० मिटरसम्म जुनसुकै ठाउँमा पनि कफी उत्पादन हुने प्रमाणित भएपछि व्यवसायिक कफीखेती गर्नका लागि खाल्डो खन्न २० वटा ड्रिलिङ मेसिन उपयोगमा ल्याइएको छ ।

उत्पादनमा उपप्रमुख महाभियान कार्यक्रममा दैनिक ७०÷८० जना स्थानीयले रोजगारीसमेत पाएका छन् । किसानले उत्पादन गरेका कफी यही प्रशोधन गर्नेगरी कफीखेती प्रवद्र्धन कार्यक्रम लागू गरिएको उपप्रमुख राईले जानकारी दिए ।

दश स्थानीय तह रहेको यो जिल्लाका सबैजसो स्थानीय तहले कफी तथा चिया प्रवद्र्धन कार्यक्रम लागू गरेका छन् । स्थानीय तहहरूले आ–आफ्नो क्षेत्रमा उत्पादनमा आधारित कार्यक्रम लागू गरेपछि किसानसमेत उत्साहित बनेका छन् । रासस

# हस्तकलाका सामग्री बनाएर ९० महिला स्वरोजगार



**टीकापुर ।**
कैलालीको टीकापुर र भजनीको थापापुरमा गुडिया, जनावरका आकृति बनाएर ९० बढी महिला स्वरोजगार भएका छन् । महिलाहरूले साँझ विहान घरको काम गरेर दिउँसोको समयमा हातले गुडिया, विभिन्न जनावरका आकृति बनाएर मासिक रु १० हजारदेखि २० हजारसम्म कमाउन थालेका छन् ।

कैलालीको भजनी–६ थापापुरका जनक चौधरीले ह्यान्डी काफ्ट उद्योग सञ्चालन गरेका छन् । एक वर्ष काठमाडौँमा काम सिकेका जनकले गत वर्ष टीकापुर र थापापुरमा उद्योग खोलेका हुन् । जनक र उनका मामा मिलेर सञ्चालन गरेको उद्योगका लागि आवश्यक कच्चापदार्थ विदेशबाट झिकाउँदै आएका छन । धागो, ऊन, सियो, म्याटलगायत केही सामग्री यही स्वदेशमै पाइन्छ, उनले भने, केही सामग्री व्यापारीको सहयोगमा विदेशबाट समेत मगाउने गरिएको छ ।

यहाँ हात्ती, भेडा, एन्जल परी, स्पट परी, कुकुरलगायतका जनावर र चराका आकृति बनाइएका छन् । यी सामग्री झोला, बस, कारका अघि झुन्ड्याउन प्रयोग हुने गर्दछन् । यी सामग्री बनाउन सिलाई र सरसफाइ कार्यमा टीकापुरमा मात्रै ६० र थापापुरमा ३० महिला काम गरिरहेका छन् । अझै कामदार महिलाको अभाव भएको जनकको भनाइ छ । उद्योगमा रु २० लाख लगानी गरिएको छ । माग पु¥याउन सकिएको छैन, हामीले सयौँ महिलालाई रोजगारी दिने योजना बनाएका छौँ, खेतीपातिको समयमा कामदार अभाव हुन्छ, उनले भने, काम गर्न चाहने महिला सबैले रोजगारी पाउने छन् ।

विभिन्न आकर्षक खालका ह्यान्डीक्राफ्ट देशका विभिन्न सहरसहित विदेश निर्यात हुने गरेका बताइएको छ । यहाँ काम गर्ने कतिपय महिलाहरूले दिनभरि उद्योगमै बसेर काम गर्छन् भने कतिपयले घरमा लगेरसमेत सामग्री निर्माण गर्ने गरेका छन् । महिलाले कामअनुसार आम्दानी लिने गरेका छन् । फुर्सदको समयलाई सदुपयोग गर्दै काम गर्न मिल्ने र आम्दानी पनि हुने गरेकाले सहज भएको गौलौरीकी राममती चौधरीले बताइन् । घरको काम भ्याएर आउने गरेको र महिनामा रु १५ हजारसम्म आम्दानी गर्दै आएको उनले सुनाइन् । पहिला ज्यालादारीको काम गर्थे, टीकापुरमै उद्योग खुलेको छ भन्ने जानकारी पाएपछि काम खोज्न आए, अहिले सहज भएको छ, राममतीले भनिन्, घरको काम पनि भ्याउने, फुर्सदमा कमाइ पनि हुने, एक÷दुई घण्टामात्रै गर्छु भने पनि काम पाइन्छ ।

अधिकांश महिलाहरू ज्यालादारी गर्नुभन्दा उद्योगभित्रै बसेर काम गर्न पाउँदा खुसी छन् । राधा चौधरीले पनि घरको काम भ्याएर, बच्चा विद्यालय छोडेर आउँछिन् । महिनामा १० हजारसम्म कमाउँछिन् । बेरोजगार थिए, बच्चालाई विद्यालय छोडेपछि केही काम थिएन, उनले भनिन्, स्थानीय ठाउँमा उद्योग खुलेपछि हामीजस्ता महिलालाई काम र दाम दुवै पाइएको छ । प्रतिमा चौधरीलाई पनि आफ्नै गाउँठाउँमा काम पाउँदा खुसी लागेको छ । काठमाडौँमा समेत काम गरेकी प्रतिमालाई आजभोलि घरमै बसेर काम गर्न सहज भएको छ । म घर छाडेर पहिला यही काम काठमाडौँमा गर्थे, यहाँ उद्योग खोलेपछि यही फर्के, उनले भनिन्, दैनिक कामका आधारमा कमाइ हुन्छ, कहिलेकाहीँ दिनको रु एक हजारसम्म पनि कमाउने गरेकी छु ।

महिलाहरू घरखर्च चलेको र आफूलाई अप्ठ्यारो परेका बेला आर्थिक समस्यासमेत टर्ने गरेकाले खुसी भएका छन् । यसरी स्थानीय महिलालाई रोजगारीका अवसर सिर्जना गर्ने गरी उद्योग सञ्चालन हुनु महिलाका लागि रोजगारीको अवसर भएको स्थानीय पवी रावलले बताइन् । उनले महिलाहरू आयआर्जनमा जोडिएमा उनीहरूको जीवन समृद्ध बन्ने भएकाले महिलाले सीप सिक्नु र आयआर्जनका कार्यमा लाग्नुपर्ने बताइन् । रासस

# मानवीय सहायता प्रस्तावबारे अमेरिका र क्युबाबीच मतभेद

**हवाना ।**
क्युबाले अमेरिकी विदेशमन्त्री मार्को रुबियोले व्यक्त गरेको मानवीय सहायता प्रस्तावसम्बन्धी दाबीलाई अस्वीकार गरेको छ । क्युबाका विदेशमन्त्री ब्रुनो रोड्रिगेजले अमेरिकाले क्युबालाई १० करोड अमेरिकी डलर बराबरको सहायता प्रस्ताव गरेको भन्ने अभिव्यक्ति तथ्यसँग मेल नखाने बताएका छन् ।

हवानाबाट सार्वजनिक गरिएको प्रतिक्रियामा विदेशमन्त्री रोड्रिगेजले सामाजिक सञ्जालमार्फत अमेरिकी भनाइप्रति असहमति जनाउँदै अमेरिकाले आफ्नो नीतिलाई उचित देखाउन यस्ता अभिव्यक्ति दिएको टिप्पणी गरेका छन् । उनले अमेरिकाले क्युबामाथि वर्षौंदेखि लागू गर्दै आएको आर्थिक प्रतिबन्धका कारण देशले गम्भीर आर्थिक तथा मानवीय चुनौती सामना गरिरहेको उल्लेख गरेका छन् ।

यसअघि अमेरिकी विदेशमन्त्री मार्को रुबियोले पत्रकारहरूसँग कुरा गर्दै अमेरिकाले क्याथोलिक चर्चसँग सम्बन्धित सहायता संस्थामार्फत क्युबालाई ६० लाख अमेरिकी डलर बराबरको मानवीय सहायता उपलब्ध गराएको बताएका थिए । साथै, अमेरिकाले थप १० करोड डलर सहायता प्रस्ताव गरे पनि क्युबाली सरकारले त्यसलाई वितरण गर्न अस्वीकार गरेको दाबी उनले गरेका थिए ।

रुबियोको अभिव्यक्तिपछि विदेशमन्त्री रोड्रिगेजले उक्त दाबीबारे प्रश्न उठाउँदै त्यस्तो सहायता वास्तवमै कहाँ र कसरी प्रयोग हुने थियो भन्ने स्पष्ट हुनुपर्ने बताएका छन् । उनले अमेरिकाले सहयोगको विषयलाई राजनीतिक दृष्टिकोणसँग जोडेको संकेत गरेका छन् ।

क्युबाली पक्षले अमेरिकाको आर्थिक प्रतिबन्धका कारण देशले अर्बौं डलर बराबरको आर्थिक क्षति व्यहोर्नुपरेको जनाएको छ । विदेशमन्त्री रोड्रिगेजका अनुसार अमेरिकी नीतिका कारण क्युबाले खाद्यान्न, इन्धन, औषधि, प्रविधि तथा अन्य अत्यावश्यक सामग्रीको आपूर्तिमा कठिनाइ भोगिरहेको छ । उनले यसले सर्वसाधारण नागरिकको दैनिक जीवनमा प्रत्यक्ष असर परेको बताएका छन् ।

क्युबा र अमेरिकाबीच लामो समयदेखि राजनीतिक तथा आर्थिक मतभेद रहँदै आएका छन् । व्यापार प्रतिबन्ध, वित्तीय नियन्त्रण तथा कूटनीतिक असहमतिका कारण दुई देशबीचको सम्बन्ध समय–समयमा तनावपूर्ण बन्ने गरेको छ ।

पछिल्ला वर्षहरूमा क्युबाले आर्थिक संकट, ऊर्जा अभाव तथा बढ्दो मुद्रास्फीतिका चुनौती सामना गरिरहेको छ । यस्तो अवस्थामा सहायता प्रस्तावसम्बन्धी दाबी र त्यसको खण्डनले दुई देशबीचको अविश्वास तथा कूटनीतिक तनावलाई पुनः चर्चामा ल्याएको विश्लेषण गरिएको छ । रासस

# इन्डोनेसियामा ज्वालामुखी विस्फोट, तीन जनाको मृत्यु



**इन्डोनेसिया ।**
इन्डोनेशियाको माउन्ट डुकोनो ज्वालामुखी शुक्रबार विस्फोटमा हुँदा तीन जना पर्वत आरोहिहरुको मृत्यु भएको जनाइएको छ । मृत्यु हुनेहरुमा दुई जना सिंगापुरका नागरिक र एक जना स्थानीय रहेको जनाइएको छ । उनीहरूको शव ‘नो–गो जोन’ मा फेला परेको अधिकारीहरूले बताएका छन् । हलमहेरा टापुमा भएको उक्त विस्फोटले लगभग १० किलोमिटर वरपरको हावामा खरानी तथा तुवालोको प्रभाव रहेको उनले बताएको छ ।

विस्पोट हुँदा उक्त स्थानमा बीस जना पर्वतारोहीहरू रहेको उत्तरी हलमहेराका प्रहरी प्रमुख एर्लिक्सन पासारिबुले पत्रकारहरूलाई बताएको छ । उनीहरु मध्ये नौ जना सिङ्गापुर र बाँकी इन्डोनेसियाका रहेको उल्लेख गरेको छ । स्थानीय उद्धार एजेन्सीका प्रमुख इवान रामदानीका अनुसार विस्पोटको समयमा वेपत्ता भएका शुक्रबार सम्म १७ जना पर्वतारोहीहरू मध्ये सात जना जीवित फेला परेका छन् ।

मृतकहरुको सव अझै पनि घटनास्थलमा रहेको बताइएको छ । जारी विस्फोटका कारण, स्थिति अझै असुरक्षित रहेकाले उद्धार टोलीले अझै पनि खोजी कार्य सुरु गर्न सही समयको प्रतिक्षामा रहेको उनले बताएको छ । विस्पोटका कारण केही पर्वतारोहीलाई चोट लागेकाले उपचारका लागि अस्पताल लगिएको जनाइएको छ ।

यस अघि सन् २०२४ डिसेम्बर देखि सेन्टर फर भोल्कानोलोजी एन्ड जियोलोजिकल हजार्ड मिटिगेसन (पिभिएमबिजी) ले वैज्ञानिकहरूले भूकम्पीय गतिविधिमा वृद्धि भएको भन्दै पर्यटक तथा पर्वतारोहीहरूलाई ज्वालामुखीको मालुपाङ वारिराङ क्र्याटरको चार किलोमिटर वरपर नआउन चेतावनी दिएको थियो ।

सरकारी भूविज्ञान विभागका प्रमुख लाना सारियाले शुक्रबारको विस्फोट पछि चर्को आवाज र माउन्ट डुकोनोको शिखरबाट १० किलोमिटर माथि उठेको खरानी र बाक्लो धुवाँ रहेको बताएको छ ।

विस्पोटको खरानी उत्तरतर्फ बढि गएकाले यस क्षेत्रमा उच्च सतर्कता अवलम्वन गर्न आवश्यक रहेको विज्ञप्तिमा उल्लेख छ । ज्वालामुखीको लगभग नौ किलोमिटरको क्षेत्र भित्र कुनै पनि बस्तीहरू नरहेको बताइएको छ । इन्डोनेसिया, एक विशाल द्वीपसमूहको राष्ट्र हो यसका भौगोलिक स्थितिको कारण बारम्बार भूकम्पीय र ज्वालामुखी गतिविधिको सामना गर्ने गर्छ । प्रकोपको पुनरावृत्ति बाट बच्न पैदल यात्रीहरूलाई टाढा रहन आग्रह गरिएको छ ।

यो घटना पछि, पदयात्रीहरूले जान सक्ने चौकी तथा शिविरहरुको कडाईका साथ निगरानी गरिएको र स्थिती सहज नहुदा सम्म यात्रा अनुमती नदिने बताएको छ । रासस

# नेपाल ‘ए’ ले जित्यो एकदिवसीय अभ्यास श्रृंखला

**काठमाडौं ।**
स्कटल्यान्डलाई अन्तिम खेलमा डीएलएस प्रणालीका आधारमा नौ रनमा पराजित गर्दै नेपाल ‘ए’ ले स्कटल्यान्ड र अमेरिका सम्मिलित एकदिवसीय अभ्यास श्रृंखला जितेको छ ।




नेपाल ‘ए’ ले चारमध्ये तीन खेल जित्दै श्रृंखला जितेको हो । घरेलु टोलीले पहिलो खेलमा स्क्टल्यान्डलाई ४५ र दोस्रो खेलमा अेमरिकालाई तीन विकेटले पराजित ग¥यो । शनिबार मूलपानीस्थित माथिल्लो क्रिकेट मैदानमा घरेलु टोलीबीचको खेल वर्षाका कारण ३४.५ ओभरमा बिचैमा रोकिएको थियो ।

यो स्थितिमा स्कटल्यान्डले प्रस्तुत गरेको ३०३ रनको लक्ष्य पछ्याएको घरेलु टोलीले चार विकेट गुमाएर २०४ रन बनाएको थियो । यसपछि, डिएलएस प्रणालीका आधारमा अम्पायरले लक्ष्यलाई १९५ रनमा छोट्याएका थिए । जसमा अनुसार नेपाल नौ रनले विजयी भएको हो ।

नेपालको जितमा अविजित रहेका सन्दीप जोराले ८३ रनको अर्धशतकीय पारी खेले । सन्दीपले ९४ बलमा नौ चौका प्रहार गरे । ओपनर तृतराज दासले २४ बनाए । बसिर अहमदले २० रन बनाउँदा ओपनर मयन यादवले १२ रन बनाए ।

स्कटल्यान्डका ब्राडली करी, मार्क वाट, ओलिभर डेविडसन र माइकल लिस्कले समान एक विकेट लिए । त्यसअघि पहिलो इनिङमा टस जितेर ब्याटिङ रोजेको स्कटल्यान्डले घरेलु टोलीविरुद्ध निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर ३०२ रनको योगफल खडा गरेको थियो ।

स्कटल्यान्डको निम्ति ओपनर जर्ज मुन्सेले ६२ रनको अर्धशतकीय पारी खेले । मुन्सेले ५१ बलमा ६ चौका र तीन छक्का प्रहार गरे । अविजित रहेका माइकल इंग्लिसले ५६ रन बनाउँदै टोलीको निम्ति दोस्रो अर्धशतकीय पारी खेले । इंग्लिसले ५७ बलमा तीन छक्का प्रहार गरे ।

रिची बेरिंटनले ४० रन बनाए । ब्रान्डन म्याकमुलेन ३९ जोडे । ज्यका ग्रिभिस र ओपनर फिन्ले म्याकक्रिथले समान ३० रन बनाउँदा म्याथ्यु क्रसले २५ रन बनाए ।

नेपालका आकाश चन्दले तीन विकेट लिँदा शेर मल्ल, विपिन खत्री, पवन सराफ र कुशल मल्लले समान एक विकेट लिए ।

अब नेपाल ‘ए’ ले श्रृंखलाको अन्तिम खेलमा भोलि अमेरिकासँग खेल्ने तालिका छ । क्रिकेट विश्वकव लिग २ को पूर्वसन्ध्यामा यो प्रतियोगिता आयोजना गरिएको हो । आगामी सोमबारदेखि अमेरिका, स्कटल्यान्ड र नेपालले लिग–२ अन्तर्गत एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट खेल्ने तालिका छ । रासस

# कोरलानाकामा खानेपानी समस्या समाधान गरिँदै



**मुस्ताङ ।**
उत्तरी कोरलानाका क्षेत्रमा शुक्रबार खानेपानी बोरिङ योजनाको शिलान्यास गरिएको छ । लोमान्थाङ गाउँपालिकाको चालु अर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रमअनुसार कोरलानाकाको दशगजा क्षेत्र नजिकै खानेपानीको व्यवस्था मिलाउन बोरिङ खानेपानी योजना कार्यान्वयनमा ल्याइएको हो ।

कोरलानाकाको नेपालतर्फ खानेपानीको व्यवस्था नहुँदा कोरलानाकामा त्रिपाल टाँगेर ब्यापार व्यवसाय चलाएका स्थानीय ब्यापारी, कोरलानाका अवलोकनमा गएका पर्यटक तथा कोरलानाकाबाट आयाता÷निर्यात गर्ने ब्यापारी तथा चालकलाई निकै ठुलो समस्या पर्दैआइरहेको थियो । स्थानीय ब्यापारी, पर्यटक र कोरलानाकाबाट आयात÷निर्यात गर्ने ब्यापारीलाई खानेपानीको समस्या समाधान गर्न लोमान्थाङ गाउँपालिकाले यसप्रकारको अग्रसरता देखाएको हो ।

कोरला खानेपानी बोरिङ योजनाको लोमान्थाङ गाउँपालिकाका अध्यक्ष टसीनर्बु गुरुङले उद्घाटन गरे । सो अवसरमा अध्यक्ष गुरुङले बोरिङ खानेपानी योजनाले नाकामा ब्यापार व्यवसाय गर्ने, कोरलानाकाको अवलोकन गर्न आउने पर्यटक र कोरलानाकाबाट आयात तथा निर्यात गर्ने ब्यापारी लाभान्वित हुने बताए । विगतका वर्षमा पनि कोरलानाकामा बोरिङमार्फत खानेपानी व्यवस्था गर्ने प्रयास सफल हुन नसकेपनि यसपटक खानेपानीको योजनाले मूर्तरूपमा पाएको अध्यक्ष गुरुङले बताए । खानेपानीको व्यवस्थापन गर्ने गरी गाउँपालिकाले कोरलानाकामा शौचालय निर्माण गरिरहेको बताए ।

कोरलानाकामा बोरिङबाट खानेपानीको व्यवस्था मिलाउन लोमान्थाङ गाउँपालिकाले एशियन कन्ट्रक्सन एण्ड ड्रिलिङ दोलखासँग भ्याटसहित ३० लाख लागतमा सम्झौता गरी योजनाको काम सुरु भएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत न्युटर्न लम्सालले जानकारी दिए । कन्ट्रक्सनले कोरलनाकामा बोरिङबाट खानेपानी निकाल्न उपकरणसहित कार्यक्षेत्रमा परिचालन भइसकेको प्रमुख प्रशासकीय अधिकृत लम्सालको भनाइ छ ।

यसअघि नेपाल–चीन कोरलानाका क्षेत्रमा खानेपानीको व्यवस्था नहुँदा त्यहाका ब्यापारी तथा पर्यटकलाई निकै ठुलो समस्या पर्ने गरेको थियो । नाकामा खानेपानी नहुँदा त्यहाका ब्यापारी तथा पर्यटकले खानेपानी तथा शौचालयन नभएको गुनासो गर्ने गरेका थिए । कोरलानाका स्थित २४ नं सीमास्तम्भको दशगजा क्षेत्रमा लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाभित्रका करिव ८० भन्दा त्रिपाल व्यवसायीले चिनिया समान बिक्री गर्न बसेका छन् । कोरलानाका खुलेको दुई वर्ष बढी बितिसक्दा नाकामा खानेपानी र शौचालयको व्यवस्था हुन सकेको थिएन ।

कोरलानाकाका त्रिपाल ब्यापारीले कोरलानाकादेखि यता उत्तर लोमान्थाङ–२ नेचुङबाट खानेपानी ढुवानी गर्ने गरेका थिए । खानेपानीको योजनाअघि बढेसँगै कोरलानाकाका व्यापारीहरु खुसी भएका छन् । रासस

# निलगिरिमा सेनाको खोज तथा उद्धार अभ्यास



**मुस्ताङ ।**
मुस्ताङ स्थित नेपाली सेनाको इन्द्रबक्स गणले निलगिरि हिमालजस्तो उचाइमा प्रतिकूल मौसम र हिमपातका कारण हुनसक्ने प्राकृतिक विपद्को समयमा गर्नुपर्ने खोज तथा उद्धारको अभ्यास गरेको छ । निलगिरि हिमनदी उचाइमा अवस्थित रहेकाले सम्भावित प्राकृतिक विपद्मा गर्नुपर्ने खोज तथा उद्धार अभ्यास आयोजना गरिएको इन्द्रबक्स गणले जनाएको छ ।

इन्द्रबक्स गणद्वारा आयोजित अभ्यासको अन्तिमदिन शुक्रबार मुस्ताङको घरपझोङ गाउँपालिका–५ ड्रमक्याम्पमाथिको निलगिरि हिमालको फेदीमा खोज तथा उद्धार अभ्यास सम्पन्न गरिएको हो । प्रतिकूल मौसम, हिमपातकालगायत प्राकृतिक विपद्मा निलगिरिसहित हिमनदीमा केही फसेमा तत्काल उद्धारका लागि अभ्यास आयोजना गरिएको इन्द्रबक्स गणका प्रमुख सेनानी गौरवध्वज खाँडले बताए । उनका अनुसार इन्द्रबक्स गण, सैनिक उच्चशिखर शिक्षालय र मनाङको भैरव गुल्मका सैनिकले खोज तथा उद्धारको नमूना अभ्यास गरेका हुन् ।

प्रमुख सेनानी खाँडका अनुसार मुस्ताङ र मनाङका ५५ जनाभन्दा बढीले हिमाली क्षेत्रमा आइपर्ने प्राकृतिक विपद्सम्बन्धी खोज तथा उद्धार अभ्यासमा सहभागिता जनाएका हुन् । उनले २३ नं. बाहिनी अड्डा बागलुङका बाहिनीपति सहायकरथी विजय केशीको उपस्थितिमा समुद्री सतहबाट चार हजार ३०० मिटर उचाइमा अवस्थित निलगिरि हिमनदीको खोचमा अभ्यास गरेको जानकारी दिए ।

अभ्यासस्थलमा सैनिक उच्चशिखर शिक्षालयका महासेनानी सुशिल प्याकुरेल र इन्द्रबक्स गणका गणपति प्रमुख सेनानी खाँडसहितको उपस्थिति थियो । नेपाली सेनाद्वारा आयोजित यसप्रकारको अभ्यासमा सशस्त्र प्रहरी बल नेपाल ३३ नं गुल्म हेडक्वाटर जोमसोम, जिल्ला प्रहरी कार्यालय मुस्ताङ र राष्ट्रिय अनुसन्धान कार्यालयका प्रतिनिधिहरूको पनि सहभागिता थियो ।

विगतमा हुड्हुड चक्रवातका कारण यहाँका कैसाङ हिमनदी इलाकामा पर्यटक हिमपात र हिमआँधीमा फसेका परिदृष्यलाई आधार बनाएर मुस्ताङका सुरक्षा निकाय, स्थानीय तह, विभिन्न सङ्घसंस्था तथा सरोकार भएका निकायलाई सहभागी गराई खोज तथा उद्धार अभ्यास सम्पन्न गरिएको प्रमुख सेनानी खाँडले उल्लेख गरे ।


डोरीको सहायताले झुन्डिएर खोचमा फसेका पदयात्री तथा शवलाई बाहिर निकाल्ने कृतिम अभ्यास गरिएको थियो । कैसाङ हिमनदी क्षेत्रको उचाइमा बेपत्ता भएका पर्यटक तथा पदयात्रीको खोजीका लागि नेपाली सेनाका दुई वटा तालिमप्राप्त कुकुरसमेत प्रयोग गरिएको प्रमुख सेनानी खाँडले जानकारी दिए ।

यसअघि अभ्यासको पहिलोदिन मुस्ताङको जोमसोमस्थित सैनिक क्याम्प नजिकैको पहाडमा खोज तथा उद्धार अभ्यास गरेको थियो ।

उच्च हिमाली क्षेत्रमा अक्सिजनको कमी, अत्यधिक चिसो र भौगोलिक विकटताका कारण हुने सम्भावित जोखिम तथा दुर्घटना न्यूनीकरणका साथै खोज तथा उद्धारकार्यलाई सहज बनाउने उद्देश्यले इन्द्रबक्स गणले यसप्रकारको नमूना अभ्यास आयोजना गरेको जनाएको छ । रासस

# विपद् जोखिम न्यूनीकरणका लागि प्रहरी तयारी अवस्थामा

**काठमाडौँ ।**
जल तथा मौसम विज्ञान विभागले यसवर्षको मनसुन आगामी जेठ १८ गतेदेखि प्रारम्भ हुने अनुमान गरेको छ । आगामी असोज १४ सम्म रहने मनसुनमा मुलुकका अधिकांश भूभागमा सरदरभन्दा कम वर्षा हुने तथा अधिकतम र न्यूनतम तापक्रम भने देशभर सरदरभन्दा बढी रहने विभागको पूर्वानुमान छ ।




मनसुनजन्य विपद्का कारण मुलुकमा बर्सेनि ठूलो मात्रामा जनधनको क्षति हुने गरेको छ । विपद्को वार्षिक आँकडाका आधारमा सबैभन्दा बढी विपद्का घटना र क्षति तथा नोक्सानी मनसुनको चार महिनाको अवधिमा हुने गरेको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार पछिल्लो एक दशकमा मनसुनजन्य विपद्बाट मुलुकभर तीन हजार ७४ जनाको मृत्यु भएको छ । ती घटनामा परी पाँच सय दुई जना बेपत्ता, चार हजार ७६९ जना घाइते तथा ३३ हजार १९८ घरपरिवार प्रभावित भएका छन् ।

गतवर्ष मात्रै बाढी, पहिरो, भारी वर्षा र चट्याङबाट एक सय ४० जनाको मृत्यु, ३० बेपत्ता, तीन सय घाइते तथा पाँच हजार ९९५ परिवार प्रभावित भएका थिए । जटिल भू–संरचना, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता, वातावरण प्रदूषण तथा जलवायु परिवर्तनका कारण नेपाल बहुप्रकोपको उच्च जोखिममा छ ।

मनसुनजन्य विपद्को जोखिम तथा क्षति न्यूनीकरण गर्ने उद्देश्यले प्राधिकरणले मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना परिमार्जन गरी कार्यान्वयनमा ल्याउने तयारी गरेको छ । कार्ययोजनाको मस्यौदालाई पूर्णता दिन आगामी सोमबार सरोकार भएकाहरूसँग छलफल गर्न लागिएको प्राधिकरणका निर्देशक रामबहादुर केसीले जानकारी दिए ।

मनसुनजन्य विपद्सगँ जुध्न नेपाल प्रहरीसहितका सुरक्षा सङ्गठनले पूर्वतयारी र प्रतिकार्यलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेका छन् । केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्ले उपलब्ध साधनस्रोतको उच्चतम प्रयोग गर्दै मौसमजन्य विपद् प्रतिकार्यका लागि पूर्वतयारीका सम्पूर्ण कार्य भइसकेको बताउँछन् । विपद्बाट हुन सक्ने जोखिम न्यूनीकरण गर्न दक्ष र स्रोतसाधनयुक्त प्रहरी कर्मचारीलाई तयारी अवस्थामा राखेका छौँ । पहिरो जाने सम्भावित क्षेत्रको पहिचान गरिएको छ । विपद्बाट राष्ट्रिय राजमार्ग अवरोध नहोस् भनेर सतर्कता अपनाएका छौँ, उनले भने ।

प्रहरीले हाल विभिन्न माध्यमबाट नागरिकलाई सम्भावित विपद्बारे सुसूचित गराइरहेको छ । बाढीपहिरो तथा भत्केका संरचनामा फसेका नागरिकको उद्धार, आगलागी नियन्त्रणलगायत विपद् प्रतिकार्यसम्बन्धी पूर्वाभ्यास भइसकेका छन् ।

प्रहरी नायब महानिरीक्षक काफ्लेले प्रहरीका तल्ला युनिटसम्म सम्भावित विपद्को पहिचान र प्रतिकार्यको तयारी तथा त्यसका लागि चाहिने आवश्यक सामग्रीको व्यवस्थापन भइसकेको बताए । “नागरिकलाई ढुक्क हुन सक्ने अवस्था सिर्जना गरेका छौँ । सबै प्रदेशमा उद्धार तथा राहत सामग्री पुगिसकेका छन् । जिल्ला सुरक्षा समितिले विगतमा भएका विपद्जन्य घटनाको अभिलेखका आधारमा यसवर्ष हुनसक्ने सम्भावित क्षेत्रको पहिचान गरेको छ”, उनले भने ।

विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन नेपाल प्रहरीले शुक्रबार बूढानीलकण्ठ नगरपालिका कपनस्थित केन्द्रीय विशेष कार्यदलमा ‘आइए ड्रिल’, हतियार खोल जोड अभ्यास तथा बन्धक बनाइएका व्यक्तिहरूको उद्धारको नमुना अभ्यास प्रदर्शनी गरेको थियो । सोही कार्यक्रममा विपद् प्रतिकार्य तथा तालिम केन्द्रको टोलीले अग्नि नियन्त्रण तथा उद्धार अभ्यास, विपद् सामग्रीको प्रदर्शनी तथा विपद् तयारी सम्बन्धमा विशेष प्रस्तुति दिएको थियो । रासस

# मुलुकको ऊर्जा जडित क्षमता चार हजार २९६ मेगावाट




काठमाडौँ ।
मुलुकको कूल ऊर्जा जडित क्षमता चार हजार २९६ मेगावाट पुगेको छ । नेपाल विद्युत् प्राधिकरण र निजी क्षेत्रका ऊर्जा उत्पादकहरूद्वारा उत्पादित विद्युत्का आधारमा उक्त क्षमता निर्धारण भएको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ ।

परीक्षणमा रहेका आयोजना र वैकल्पिक ऊर्जाको स्रोतबाट उत्पादितबाहेक चार हजार २९६ मेगावाट क्षमता निर्धारण भएको हो । चालु आर्थिक वर्षको अन्त्यसम्म कूल जडित क्षमता चार हजार ५०० मेगावाटभन्दा माथि पुग्ने मन्त्रालयले प्रक्षेपण गरेको छ । हाल निर्माणको क्रममा तीन हजार मेगावाट क्षमताका आयोजना छन् भने निर्माणमा जान तयारी अवस्थामा रहेका आयोजनाको क्षमता पनि समान रहेको मन्त्रालयले जनाएको छ ।

हालसम्म ६६ केभीभन्दा माथिका करिब सात हजार ३६० सर्किट किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न भएको छ । यस्तै, १४ हजार तीन सय २३ एमभिए क्षमताको सवस्टेसन निर्माण सम्पन्न भएको मन्त्रालयले उल्लेख गरेको छ भने ३३ केभी क्षमताका करिब आठ हजार २२५ सर्किट किलोमिटर प्रसारण लाइन तथा तीन हजार ३०८ एमभिए क्षमताको सबस्टेसन निर्माण भएका छन् ।

सरकारको पहल र सक्रियता, नेपाल विद्युत् प्राधिकरणले सञ्चालन गरेको विशेष अभियानका कारण देशभरको विद्युत् चुहावट १२ दशमलव पाँच प्रतिशतमा सिमित भएको प्राधिकरणले जनाएको छ । प्राविधिक चुहावटलाई क्रमशः घटाउँदै लैजाने लक्ष्य राखिएको छ । सवस्टेसनको क्षमता विस्तार, प्रसारण लाइनको स्तरोन्नति तथा प्राविधिक उपाय अवलम्बन गर्दै चुहावट क्रमशः घटाइने मन्त्रालयले स्पष्ट पारेको छ ।

यसैगरी प्रतिव्यक्ति विद्युत् खपत ४५० किलोवाट घण्टा बराबर पुगेको छ । हालसम्म राष्ट्रिय विद्युत् प्रणाली र वैकल्पिक ऊर्जाको स्रोतबाट विद्युत्मा पहुँचमा पहुँच प्राप्त जनसङ्ख्या ९९ प्रतिशत बराबर पुगेको छ । हालसम्म विद्युत् निर्यात दुई हजार ९१८ गिगावाट प्रतिघण्टा छ भने विद्युत् आयात करिब ५९० गिगावाट घण्टा भएको छ ।

हालसम्म सौर्य विद्युत् उत्पादन क्षमता ६२ दशमलव सात मेगावाट बराबर पुगेको छ । लघु तथा साना जलविद्युत् आयोजनाबाट ५५ दशमलव तीन मेगावाट बराबर विद्युत् उत्पादन भएको छ । सिँचाइतर्फ हालसम्म सिँचाइ सुविधा १५ लाख ८७ हजार ९१० हेक्टर जमिनमा पुगेको मन्त्रालयले जनाएको छ । सिँचाइयोग्य जमिनमध्ये पाँच लाख ३२ हजार ९० हेक्टरमा भने वर्षभरीमा सिँचाइ सुविधा उपलब्ध रहेको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय विवरणमा उल्लेख छ । रासस

# तिङ्कर सडकको दुम्लिङसम्म पहिलोपटक गाडी पुग्यो

**दार्चुला ।**
दार्चुलाको व्यास गाउँपालिका–२ स्थित दुम्लिङ गाउँमा पहिलोपटक सवारीसाधन पुगेको छ । नेपाली सेनाले निर्माण गरिरहेको तुसारपानी–तिङ्कर सडकअन्तर्गत शून्य विन्दु तुसारपानीदेखि दुम्लिङसम्मको १२ किलोमिटर सडक निर्माण सम्पन्न गरेपछि शुक्रबारदेखि यातायात सञ्चालनमा ल्याइएको हो ।



दुम्लिङ गाउँमा पहिलोपटक गाडी पुगेपछि स्थानीय उत्साहित भएका छन् । सडक सञ्चालनसँगै दैनिक उपभोग्य सामग्री ढुवानी, बिरामीको ओसारपसार तथा शिक्षा र अन्य सेवा सुविधामा सहजता आउने अपेक्षा गरिएको छ ।

नेपाली सेनाका अनुसार तुसारपानीदेखि तिङ्करसम्म निर्माणाधीन कूल ७९ किलोमिटर सडकअन्तर्गत हालसम्म २२ दशमलव १५ किलोमिटर सडकको ट्रयाक खोल्ने कार्य सम्पन्न भएको छ । त्यसमध्ये दुम्लिङसम्मको १२ किलोमिटर सडकमा सवारीसाधन सञ्चालनमा ल्याइएको हो । बाँकी क्षेत्रमा सडक स्तरोन्नति तथा ट्रयाक खोल्ने काम निरन्तर जारी रहेको सेनाले जनाएको छ ।

नेपाल–चीन सीमा क्षेत्रसँग जोडिएको व्यास क्षेत्र भौगोलिक रूपमा अत्यन्त विकट मानिन्छ । वर्षौंदेखि यहाँका नागरिकले पैदलमार्गको भरमा यात्रा गर्नुपर्ने बाध्यता भोग्दै आएका थिए । सडक विस्तारसँगै स्थानीय बासिन्दाको जीवनस्तरमा सुधार आउने विश्वास गरिएको छ ।

नेपाली सेनाले आर्थिक वर्ष २०७७÷७८ देखि उक्त सडक निर्माण अघि बढाउँदै आएको हो । हिमाली तथा चट्टानी भूभागमा कठिन परिस्थितिका बीच सडक निर्माण भइरहेको सेनाले जनाएको छ । रणनीतिक तथा विकासका दृष्टिले महत्व बोकेको यस सडकले सीमा क्षेत्रका बासिन्दालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने अपेक्षा गरिएको छ ।

स्थानीयवासीले दुम्लिङसम्म सडक र गाडी पुगेपछि वर्षौंदेखिको यातायात समस्यामा राहत मिल्ने बताएका छन् । सडक सञ्चालन भएपछि खाद्यान्न, निर्माण सामग्री तथा अन्य आवश्यक वस्तुको ढुवानी खर्चसमेत घट्ने उनीहरूको विश्वास छ ।

तिङ्कर नाका जोड्ने लक्ष्यसहित सडक निर्माण कार्यलाई तीव्र बनाइएको नेपाली सेनाले जनाएको छ । सडक निर्माण सम्पन्न भएपछि व्यास क्षेत्रको आर्थिक, सामाजिक तथा पर्यटन विकासमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ । रासस

# सार्वजनिक बिदा र सेवा प्रवाहबारे सर्लाहीका विभिन्न पालिकाका प्रमुखहरूको साझा चिन्ता

**मधेशदृष्टि**
**सर्लाही ।**

विभिन्न नगरपालिकाका प्रमुखहरूले शिक्षा, स्वास्थ्य तथा सार्वजनिक जग्गा व्यवस्थापनसँग सम्बन्धित समसामयिक विषयमा साझा धारणा बनाउँदै आवश्यक पहल अगाडि बढाउने निर्णय गरेका छन् । हरिवन नगरपालिकामा शुक्रबार सम्पन्न अन्तरनगरपालिका बैठकमा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने विषयमा विशेष जोड दिइएको हो ।



रमेश बुढाथोकी को अध्यक्षतामा सम्पन्न बैठकमा हरिवन नगरपालिका सहित ईश्वरपुर नगरपालिका, बरहथवा नगरपालिका, लालबन्दी नगरपालिका, हरिपुर नगरपालिका तथा बागमती नगरपालिका का नगर प्रमुखहरूको सहभागिता रहेको थियो ।

बैठकमा पछिल्लो समय सार्वजनिक बिदाको बढ्दो प्रभावका कारण विद्यालय तथा स्वास्थ्य संस्थाको नियमित सेवा प्रभावित भइरहेको विषयमा गम्भीर छलफल भएको जनाइएको छ । सहभागी नगर प्रमुखहरूले विद्यालयहरूमा शैक्षिक गुणस्तर कायम राख्न पठनपाठन नियमित र व्यवस्थित हुनुपर्नेमा जोड दिएका थिए ।

उनीहरूले बारम्बारको सार्वजनिक बिदाले शैक्षिक गतिविधिमा असर पुगिरहेको निष्कर्ष निकाल्दै बिदा व्यवस्थापनबारे पुनर्विचार आवश्यक रहेको बताएका छन् । शिक्षा क्षेत्रलाई थप प्रभावकारी बनाउन नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरी आवश्यक नीतिगत सुधारका लागि पहल गर्ने निर्णय बैठकले गरेको छ ।

स्वास्थ्य क्षेत्रको विषयमा पनि नगर प्रमुखहरूले सार्वजनिक बिदाका कारण नागरिकले सहज स्वास्थ्य सेवा पाउन कठिनाइ भोग्नुपरेको उल्लेख गरेका छन् । विशेषगरी स्थानीय तहअन्तर्गतका स्वास्थ्य संस्थामा अत्यावश्यक सेवा प्रभावित नहुने गरी सेवा सञ्चालनको वातावरण सुनिश्चित गर्नुपर्नेमा बैठकले जोड दिएको छ ।

स्वास्थ्य सेवा निरन्तर र प्रभावकारी बनाउन बिदा व्यवस्थापन प्रणालीमा सुधार आवश्यक रहेको निष्कर्षसहित संघीय सरकारसँग आवश्यक आग्रह गर्ने निर्णय गरिएको बताइएको छ । सहभागीहरूले नागरिकको आधारभूत सेवामा कुनै अवरोध आउन नदिन स्थानीय सरकारहरू संवेदनशील हुनुपर्ने धारणा व्यक्त गरेका थिए ।

त्यसैगरी बैठकमा सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमणको विषयमा समेत विस्तृत छलफल गरिएको थियो । नगर प्रमुखहरूले पछिल्लो समय सार्वजनिक जग्गा अतिक्रमणका घटना बढ्दै गएको उल्लेख गर्दै यसको दीर्घकालीन समाधानका लागि संघीय सरकारद्वारा जारी १०० बुँदे सुधार कार्यसूची प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने बताएका छन् ।

बैठकले भूमिहीन, दलित, सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूको पहिचान गरी उनीहरूको उचित व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायलाई आग्रह गर्ने निर्णय गरेको छ । यसका लागि प्रदेश सरकारसँग समेत सहकार्य गर्दै साझा अवधारणाका आधारमा योजना अघि बढाइने जनाइएको छ ।

नगर प्रमुखहरूले स्थानीय तहबीच समन्वय र साझा सहकार्यमार्फत नागरिकका दैनिक सरोकारका विषय समाधान गर्न सकिने विश्वास व्यक्त गरेका छन् ।

# लागुऔषध सेवनकर्ता अपराधी होइनन्, सुधार र पुनस्र्थापना आवश्यकः मन्त्री महतो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेशमा बढ्दो लागुऔषध दुव्र्यसन नियन्त्रण तथा सेवनकर्ताको सुधार र पुनस्र्थापनालाई लक्ष्य गर्दै मधेश प्रदेश प्रहरीले 'लागुऔषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान' सुरु गरेको छ । सीमावर्ती क्षेत्रमा केन्द्रित उक्त अभियान धनुषाको जटही नाका तथा महोत्तरीको मनरा सिस्वा नगरपालिकाबाट औपचारिक रूपमा आरम्भ गरिएको हो ।

अभियानको शुभारम्भ गर्दै मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतो ले लागुऔषध सेवनकर्तालाई अपराधीको रूपमा नभई पीडितको रूपमा हेर्नुपर्ने धारणा व्यक्त गरे । उनले दुव्र्यसनमा फसेका व्यक्तिलाई केवल कारबाही गरेर समस्या समाधान नहुने भन्दै उपचार, परामर्श र पुनस्र्थापनामार्फत समाजमा पुनःस्थापित गर्न आवश्यक रहेको बताए ।

मन्त्री महतोले लागुऔषध सेवनकर्ताप्रति मानवीय दृष्टिकोण अपनाउनुपर्नेमा जोड दिँदै कारोबारीमाथि भने कडा कारबाही गरिने स्पष्ट पार्नुभयो । "सेवनकर्ता सुधारको पात्र हुन्, तर लागुऔषध कारोबार गर्नेहरूलाई कुनै पनि बहानामा उन्मुक्ति दिइने छैन," उनले भने ।

मधेश प्रदेश प्रहरी प्रमुख गोविन्द थपलिया ले प्रहरीले मुख्य रूपमा लागुऔषध कारोबारीलाई कानूनी दायरामा ल्याउने काम गरिरहेको बताए । कानूनमा सेवनकर्तालाई समेत कारबाहीको व्यवस्था भए पनि व्यवहारिक रूपमा सुधारमुखी दृष्टिकोण अपनाइएको उनको भनाइ थियो ।

उनका अनुसार सीमावर्ती क्षेत्रबाट लागुऔषध ओसारपसार तथा दुव्र्यसनको समस्या बढ्दै गएकाले निगरानी प्रणालीलाई थप प्रभावकारी बनाइएको छ । अभियानअन्तर्गत सीमाबाट आवतजावत गर्ने व्यक्तिमाथि विशेष निगरानी राख्नुका साथै दुव्र्यसनीहरूको पहिचान, परीक्षण, उपचार तथा पुनस्र्थापनामा जोड दिइनेछ ।

यसैबीच महोत्तरीको मनरा सिस्वा नगरपालिका वडा नम्बर–२ स्थित इटहर्वा उसरैना सीमाक्षेत्रमा आयोजित कार्यक्रममा अभियानलाई थप विस्तार गरिएको थियो । कार्यक्रममा नगर प्रमुख मोहन पाण्डे ले सेवनकर्ताको पहिचान, निगरानी तथा सुधारलाई अभियानको मुख्य उद्देश्य बनाइएको बताए । उनका अनुसार सीमावर्ती नाकाहरूमा 'ड्रग्स टेस्टिङ चेकपोइन्ट' स्थापना गरिएको छ । ड्रग टेस्ट किटमार्फत सीमा भएर आवतजावत गर्ने व्यक्तिहरूको परीक्षण गरिनुका साथै शंकास्पद तथा दुव्र्यसनमा संलग्न व्यक्तिलाई एक सातासम्म आवासीय शिविरमा राखेर काउन्सेलिङ्ग तथा सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

मधेश प्रदेश प्रहरीले सीमाबाट नियमित आवतजावत गर्ने व्यक्तिहरूको तथ्यांक संकलन गरी निगरानी प्रणालीलाई थप सुदृढ बनाइएको जनाएको छ । प्रहरीका अनुसार खुला सीमाका कारण प्रदेशमा लागुऔषधको पहुँच बढ्दै गएको र त्यसको असर विशेषगरी युवापुस्तामा देखिएकाले अभियानलाई समुदायस्तरमै प्रभावकारी बनाउने योजना बनाइएको छ ।

प्रहरी अधिकारीहरूले यो अभियानले लागुऔषध दुव्र्यसन न्यूनीकरण मात्रै होइन, सामाजिक सुधार र अपराध नियन्त्रणमा समेत सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरेका छन् । स्थानीय तह, प्रहरी प्रशासन र समुदायबीच सहकार्य गरेर अभियानलाई दीर्घकालीन रूपमा अघि बढाइने जनाइएको छ ।

# ओझेलमा सर्लाहीको ऐतिहासिक 'सती बिहुला' मन्दिर

**मधेशदृष्टि**
**जनकपुरधाम ।**

धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्व बोकेको सती बिहुला स्थल पछिल्लो समय श्रद्धालुहरूको प्रमुख आस्थाको केन्द्र बन्दै गएको छ । नेपाल–भारत सीमावर्ती क्षेत्रमा विशेष धार्मिक महत्व राख्ने यो स्थलमा हरेक वर्ष हजारौं भक्तजन पूजा, दर्शन र मनोकामना पूरा हुने विश्वासका साथ पुग्ने गरेका छन् । तर पर्याप्त सरकारी ध्यान नपुग्दा यसको संरक्षण र पूर्वाधार विकास भने अपेक्षाअनुसार हुन सकेको छैन ।



पर्सा गाउँपालिका अन्तर्गत संग्रामपुरमा अवस्थित यो क्षेत्र स्थानीयस्तरमा 'सती बिहुला' नामले परिचित छ । यहाँ नेपाली, मैथिली, बज्जिका तथा भोजपुरी संस्कृतिको मिश्रित प्रभाव देख्न पाइन्छ । धार्मिक विश्वासअनुसार यो स्थल हिन्दु लोकपरम्परामा सतीत्व, पतिव्रता धर्म र देवी आस्थाको प्रतीकका रूपमा स्थापित छ ।

सती बिहुला स्थलमा विशेषगरी विवाह, व्रतबन्ध, उत्सव तथा विभिन्न धार्मिक अनुष्ठानअघि पूजा गर्न आउने श्रद्धालुको उल्लेखनीय भीड लाग्ने गर्छ । स्थानीयका अनुसार मनोकामना पूरा हुने विश्वासका कारण नेपालका विभिन्न जिल्लासँगै भारतको बिहार लगायत सीमावर्ती क्षेत्रबाट समेत भक्तजन आउने गरेका छन् ।

विशेष गरी साउन महिना, भदौ अष्टमी, अमावस्या तथा अन्य धार्मिक तिथिमा यहाँ ठूलो मेला लाग्ने गर्दछ ।

प्रत्येक तीन वर्षमा आयोजना हुने विशेष धार्मिक मेलामा लगातार एक महिनासम्म भव्य धार्मिक कार्यक्रम सञ्चालन हुने गरेको स्थानीय बासिन्दा बताउँछन् । मेलाको समयमा पूजाअर्चना, भजन–कीर्तन, लोकनृत्य तथा सांस्कृतिक कार्यक्रमले क्षेत्र अत्यन्तै जीवन्त बन्ने गरेको छ ।

ऐतिहासिक तथा धार्मिक दृष्टिले महत्वपूर्ण मानिने यो स्थल मधेश प्रदेशको राजधानी जनकपुरधाम बाट करिब ५० किलोमिटर पश्चिम तथा सर्लाही सदरमुकाम मलंगवा बाट करिब १० किलोमिटर पूर्व हुलाकी राजमार्गको छेउमै अवस्थित छ । सहज पहुँचको सम्भावना हुँदाहुँदै पनि उचित पूर्वाधार विकास अभावमा क्षेत्रले अपेक्षित पर्यटन आकर्षण हासिल गर्न सकेको छैन ।

स्थानीयवासीका अनुसार सडक स्तरोन्नति, विश्रामस्थल, खानेपानी, सरसफाइ, पार्किङ तथा प्रचारप्रसारको अभावले यहाँ आउने श्रद्धालुले विभिन्न समस्या भोग्नुपरेको छ । धार्मिक पर्यटनको ठूलो सम्भावना बोकेको क्षेत्र भए पनि राज्यको प्राथमिकतामा नपर्दा आवश्यक संरक्षण र व्यवस्थापन हुन नसकेको गुनासो स्थानीयको छ ।

सती बिहुला र बाला लखिन्दरको कथा मिथिला–मधेश क्षेत्र तथा भारतीय सीमावर्ती जिल्लामा अत्यन्त चर्चित लोकगाथा मानिन्छ । लोकविश्वासअनुसार बिहुलाले आफ्नो मृत पति बाला लखिन्दरलाई पुनर्जीवन दिलाउन गरेको संघर्ष, साहस र अटल पतिव्रता धर्मको कथालाई महिला शक्ति र समर्पणको प्रतीकका रूपमा लिइन्छ ।

यो लोकगाथा अहिले पनि मिथिला संस्कृतिमा जीवित छ । नाच, नाटक, लोकगीत, भजन तथा सांस्कृतिक प्रस्तुतिमार्फत सती बिहुलाको कथा पुस्तौंदेखि सुनाइँदै आएको छ । ग्रामीण समाजमा विशेष अवसरमा बिहुलाको गाथा गाएर सांस्कृतिक परम्परा जोगाइँदै आएको पाइन्छ ।

यसैबीच मधेश प्रदेश सरकारले सती बिहुला र बाला लखिन्दरसँग सम्बन्धित लोकगाथालाई नयाँ पुस्तामाझ सरल रूपमा प्रस्तुत गर्न प्रतीकात्मक संरचना तथा आकृतिहरू निर्माण गरेको छ । यद्यपि स्थानीयवासीका अनुसार केवल प्रतीकात्मक संरचनाले मात्र पुग्दैन, सम्पूर्ण क्षेत्रलाई धार्मिक तथा सांस्कृतिक पर्यटन केन्द्रका रूपमा विकास गर्न दीर्घकालीन योजना आवश्यक रहेको छ ।

स्थानीय बुद्धिजीवी तथा पर्यटन सरोकारवालाहरूले सती बिहुला स्थलको संरक्षण, प्रचारप्रसार तथा पूर्वाधार विकासमा राज्यले विशेष योजना ल्याउनुपर्ने माग गरेका छन् । उनीहरूका अनुसार उचित व्यवस्थापन हुन सके यो क्षेत्र मधेश प्रदेशकै महत्वपूर्ण धार्मिक पर्यटन गन्तव्य बन्न सक्छ ।

# जनताले नयाँ अनुहार होइन, नयाँ सोच र कार्यशैली खोजिरहेका छन्: पराजुली



**ललितपुर ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संसदीय दलका उपनेता गणेश पराजुलीले जनताले नयाँ अनुहार मात्र नभई नयाँ सोच, संस्कार र कार्यशैली खोजिरहेको बताएका छन् ।

पार्टीको प्रशिक्षण विभागले शनिबारयहाँ आयोजना गरेको प्रशिक्षण कार्यक्रमको उद्घाटन समारोहमा उनले सांसदहरूलाई जनअपेक्षाअनुसार जिम्मेवार र परिणाममुखी ढङ्गले क्रियाशील हुन आग्रह गरे ।

उपनेता पराजुलीले राजनीतिलाई सेवा, जिम्मेवारी र परिणामसँग जोड्नुपर्ने जनअपेक्षा रहेको उल्लेख गर्दै उक्त अपेक्षा र पार्टीप्रतिको विश्वासलाई परिणाममा बदल्नुपर्नेमा जोड दिए । 'नेपालको लोकतन्त्र महत्त्वपूर्ण मोडमा उभिएको छ । यसलाई सशक्त बनाउने जिम्मेवारी हाम्रो काँधमा आएको छ । राजनीतिमा नयाँ पुस्ताको ऊर्जा, पारदर्शिता, सुशासन, अध्ययनशीलता र जनउत्तरदायित्वको अभ्यास आवश्यक छ । त्यसको आधार तयार गर्ने उद्देश्यले यो प्रशिक्षण आयोजना गरिएको हो,' उनले भने ।

उपनेता पराजुलीले प्रशिक्षणबाट हासिल हुने अनुभव र ज्ञानले आगामी संसद् अधिवेशनलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे । उनले संसद् र संसदीय समितिको भूमिका, पार्टी–संसद् र सरकारबीचको समन्वय, संसदीय मर्यादा र आचरण, तथ्यमा आधारित बहस, जनउत्तरदायी राजनीतिक व्यवहार तथा प्रभावकारी नेतृत्व विकासजस्ता विषयमा प्रशिक्षण केन्द्रित रहने बताए ।

'आजको राजनीति केबल नाराले चल्दैन । क्षमता, तयारी, अध्ययन र परिणामले राजनीतिलाई परिभाषित गर्छ । जनताले अब कसले के भन्योभन्दा पनि कसले के ग¥यो भन्ने आधारमा मूल्याङ्कन गर्न थालेका छन्,' उपनेता पराजुलीले भने, 'रास्वपाले सुरुदेखि नै सुशासन, पारदर्शिता, जवाफदेहिता र परिणाममुखी राजनीतिलाई मूल आधार बनाएको छ । त्यसैले जनतासँग गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न सक्षम सांसद र सशक्त संसद्को आवश्यकता छ ।'

उनले प्रशिक्षणलाई औपचारिक कार्यक्रम मात्र नभई सिकाइ, आत्ममूल्याङ्कन, अनुभव आदानप्रदान तथा भविष्यको राजनीतिक संस्कार निर्माण गर्ने अवसरका रूपमा लिन आग्रह गरे ।

उद्घाटन समारोहपछि उपसभापति एवम् अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बन्द सत्रमा सांसदहरूलाई प्रशिक्षण दिएका थिए । यसैगरी महामन्त्री भूपदेव शाहले पार्टी, सरकार र सदनबीचको समन्वय तथा उपनेता पराजुलीले संसदीय समितिमा सांसदहरूको भूमिकाबारे प्रशिक्षण दिएका थिए । प्रशिक्षण कार्यक्रम आइतबार पनि जारी रहने महामन्त्री कविन्द्र बुर्लाकोटीले जानकारी दिए ।

# राष्ट्रियताका मुद्दामा सरकारलाई पार्टीको पूरा सहयोग हुन्छः सभापति थापा

**सुदूरपश्चिम ।**

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले राष्ट्रियताका मुद्दामा सरकारलाई आफ्नो पार्टीको साथ र सहयोग रहने बताएका छन् । पार्टी केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानद्वारा शनिबारधनगढीमा आयोजित 'प्रदेश र स्थानीय तह केन्द्रित प्रदेशस्तरीय' सुदूरपश्चिम प्रदेशस्तरीय भेलामा उनले शासन र अर्थतन्त्रमा सुधार तथा राष्ट्रिय हितका विषयमा सरकारलाई पूरा सहयोग रहने बताए ।

राष्ट्रियताका मुद्दामा कांग्रेसले यो पार्टी त्यो पार्टी कहिल्यै नभनेको स्पष्ट पार्दै सभापति थापाले वर्तमान सरकारलाई पनि सोहीअनुसार सहयोग हुने, तर लोकतन्त्रका आधारभूत पक्षमाथि हुने गलत काम भने स्वीकार्य नहुने बताए ।

उनले लोकतन्त्रमा कानूनी वैधता नहेरेर नैतिक वैधतालाई हेर्नुपर्नेमा जोड दिए । 'हिजो कांग्रेस सरकारमा रहँदा संवैधानिक परिषद्मा आफ्नो अनुकूलताको निर्णय गराउन तत्कालीन उपसभामुखमाथि महाअभियोग प्रस्ताव लगाउन तयारी गरिएको थियो । हामीसँग संख्या र आधार पनि थिए, तर पनि महाअभियोगको विपक्षमा उभियौँ,' सभापति थापाको भनाइ थियो ।

उनले नेता कार्यकर्तालाई पराजित मानसिकता त्यागेर आआफ्नो जिम्मेवारीअनुसार सङ्गठनको काममा लाग्न निर्देशन दिए । सभापति थापाले गत निर्वाचनमा पार्टीका उम्मेदवारलाई असहयोग गर्ने नेता कार्यकर्तालाई केही समय जिम्मेवारीभन्दा बाहिर राखिने पनि उल्लेख गरे ।

पार्टीका उपसभापति एवं प्रशिक्षण प्रतिष्ठानका संयोजक विश्वप्रकाश शर्माले नवीन ऊर्जाका साथ पार्टीलाई सम्हालेर अघि बढ्ने समय आएको बताए । उनले भने, 'अब कांग्रेसले नयाँ ढङ्गले सोच्नुपर्ने समय आएको छ । अब पार्टी मात्र होइन, समाजलगायत सबैलाई सम्हालेर साझा सङ्गठन बनाउने जिम्मेवारी आएको छ ।'

महामन्त्री गुरुराज घिमिरेले पार्टीभित्र कसैप्रति कुनै आग्रह पूर्वाग्रह नराखेर पार्टी सङ्गठन एकीकृत र सुदृढ पार्दै अघि बढ्ने बताए । पार्टीमा कुनै अवसर नपाएर किनाराकृत गरिएका क्षमतावान् र निष्ठावन् नेता कार्यकर्ताको उचित मूल्याङ्कन गरिने पनि उनको भनाइ थियो ।

कार्यक्रममा कांग्रेस सुदूरपश्चिम प्रदेश संसदीय दलका नेता एवं मुख्यमन्त्री कमलबहादुर शाहले पार्टीलाई एक ढिक्का बनाएर लिनुपर्नेमा जोड दिए । उनले पार्टीमा महत्त्वूर्ण योगदान गरेका पूर्वसभापति शेरबहादुर देउवालगायत नेताको सम्मानजनक अवस्थाका लागि ध्यान दिन पार्टी नेतृत्वलाई आग्रह गरे । नेपाली कांग्रेस कैलालीका कार्यवाहक सभापति खेमराज चौधरीको सभापतित्वमा भएको कार्यक्रममा सहमहामन्त्री प्रकाश रसाइली स्नेहीले भेलाको औचित्यमाथि प्रकाश पारेका थिए । कार्यक्रममा पार्टीका सहमहामन्त्रीद्वय उदयशम्शेर राणा, योगेन्द्र चौधरी, विभिन्न जिल्लाका सभापतिलगायत नेताहरूले सम्बोधन गरेका छन् ।

दुईदिने कार्यक्रममा पार्टीको तर्फबाट प्रदेशसभा र स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिसँग विविध विषयमा छलफल गर्न लागिएको जनाइएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन